# परिच्छेद एक :

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमी

पृथ्वीमा जब मानव जातिको सृष्टी भयो, त्यतिबेला सायद अहिलेको जस्तो विभिन्न जात जातिको एकै चोटी विकास भएको थिएन । मानिस सुरूमा दुई जाति पुरूष र महिलाको रूपमा विकास भएको थियो भन्ने कुरा विभिन्न अध्ययन अनुसन्धानबाट थाहा पाउन सकिन्छ । सभ्यताको विकास क्रमसँगै मानिस विभिन्न युगहरू पार गर्दै अहिलेको अवस्थामा आईपुगेको हो । यो अवस्थामा आईपुग्न हजारौं वर्ष लागेको छ । पुरूष र महिला जातिबाट सुरू भएको मानव सभ्यता विभिन्न कालखण्डमा आईपुग्दा विभिन्न जातजातिको रूपमा विकसित भयो । जस्तै काला र गोरा जाति, मंगोलियन, हप्सी, आर्य, शुद्र आदि ।

नेपालमा मल्लकालिन राजा जयस्थिति मल्लले तत्कालिन सामाजिक परिवेशमा आमूल सुधार गर्ने नाममा कानुनी व्यवस्था कायम गर्ने हेतुले मानव न्याय धर्मशास्त्र सम्बन्धि विधान बनाउन भारतबाट रघुनाथ झा, किर्तिनाथ उपाध्याय, महिनाथ भट्ट आदि विद्वानहरू झिकाई पाँच ब्राह्मणहरू रहेको आयोग गठन गरी वि.सं. १४३७ मा हिन्दू विधिशास्त्र बनाउन लगाए । यसमा जातको आधारमा पेशा किटान गरी आफ्नो जातको पेशा नगर्नेलाई दण्ड र अर्काको जातको पेशा गर्नेलाई अपराधीसरह दण्ड गर्ने, सानोजात ठानिएकाहरूको हातको पानी नचल्ने बनाई उनीहरूलाई तला भएको घरमा बस्न र राम्रो लुगा लगाउन बञ्चित गरियो (वागचन्द, २०५९) ।

पृथ्वीनारायण शाह देखि राणाकाल सम्म (१७८६-१८४५) पहाडी भेगमा पानी नचल्ने तथा छुन नहुने शुद्र जस्तै : दमाई, कामी र सार्की, नेवारी समुदायका वलामी र कुशुले तथा दक्षिण भेगका डोम, चमार आदिले जातीय नियम उल्लंघन गरे मृत्यु दण्ड दिइन्थ्यो । जातपात र छुवाछुत व्यवस्था सृष्टि गर्ने हिन्दू धर्मबादको आफ्नो मूल आधार ग्रन्थ वेद हो भने पनि वेद, उपनिषदमा हिन्दू शब्द उल्लेख भएको पाइँदैन(प्रश्रित,२०६२) ।

नेपाल सरकारले विद्यालय शिक्षाको क्षेत्रमा गरेको लगानीको अनुपात अन्य मुलुकको तुलनामा सानो छ । तर पनि नेपालमा विद्यालय शिक्षाको क्षेत्रमा जे जति लगानी भएको छ त्यो यहाँका अन्य क्षेत्रको तुलनामा भने बढी छ । आम नेपाली जनजीवनमा सकारात्मक परिवर्तनको धमिलो  संकेतलाई दृष्टिगत गर्दा विद्यालय शिक्षामा जेजति लगानी भएको छ त्यो पनि त्यत्तिकै खेर गइरहेको जस्तो देखिन्छ । यस कुरालाई मध्यनजर गरी देशमा विद्यालय शिक्षामा हुनसक्ने लगानीबाट शिक्षाको गुणस्तर अधिकतम् गरेर नेपाली जनजीवन उकास्ने कुरामा आम शिक्षाकर्मीहरूको ध्यान जानु जरुरी छ (गौडेल तथा अन्य, २०६४ ) ।

सन् १९९० मार्च ४-९ सम्म थाइल्याण्डमा भएको शिक्षामन्त्रीहरूको सम्मेलनले सन् २००० सम्म “सबैका लागि शिक्षा” भन्ने घोषणापत्र जारी गऱ्यो । यस सम्मेलनले सुविधाजनक समूहका साथै असुविधाजनक समूहहरू जस्तै महिला, दलित, जनजाति, पिछडिएको समूह, न्यून आर्थिकस्तर भएका बालबालिका, ग्रामीण एवम् विकट स्थानका शारीरिक एवम् मानसिक रूपमा कमजोर वर्ग आदि सबैलाई आधारभूत शिक्षा प्रदान गर्ने मुख्य उद्देश्य लिएको थियो । त्यसैअनुरूप नेपालले सन् २००० सम्ममा सबै प्राथमिक तह, उमेर समूहका बालबालिकालाई प्राथमिक शिक्षा उपलब्ध गराउने भनेर औपचारिक तथा अनौपचारिक शिक्षाका कार्यक्रम अगाडि साऱ्यो । सन् २००० सम्ममा उल्लेखनीय उपलब्धी हासिल नभएपछि पुन : अप्रिंल २६-२८ सन् २००० मा विश्व शिक्षामञ्चले “सबैका लागि शिक्षा”मा पुन : प्रतिवद्धता जाहेर गऱ्यो । त्यसैअनुरूप सन् २०००-२००५ सम्म सबैका लागि शिक्षा कार्यक्रमको  तत्कालीन रणनीति, सन् २००५-२०१२ सम्म मध्यकालीन रणनीति र सन् १०१२-२०१५ लाई दीर्घकालीन रणनीति निर्धारण गरी सन् २०१५ सम्ममा विश्वका सबै मुलुकमा रहेका बालबालिकाहरू खासगरी पिछडिएका, सुविधाविहिन र द्वन्द्व पिडित बालबालिकाहरूलाई प्राथमिक शिक्षाको सुनिश्चितता गर्ने प्रतिवद्धतास्वरूप हरेक मुलुकमा विभिन्न शैक्षिक कार्यक्रमहरू संचालन भइरहेका छन् (काफ्ले तथा अन्य, २०६०) ।

छुवाछुतलाई कानूनद्वारा संरक्षण गर्ने कार्य राजेन्द्र विक्रम शाहको (वि.सं. १८७०-१९३७) पालामा शुरु भएको पाइन्छ । त्यस कालमा बनेका स्थिति बन्देजहरूमा अछुत जात भनी कामी, दमाई, सार्की र गाइनेलाई भनिएको छ । वि.सं. १९०३ को पञ्जापत्रबाट शासन हत्याएका जंगबहादुर राणाको पालामा गठित लेखपति र लोकपति झा आयोगद्वारा तयार

पारिएको मुलुकी ऐन १९१० मा मनुस्मृतिको सहयोग लिएको पाइन्छ । जसमा छिटो हाल्नु पर्ऱ्या, छिटो हाल्नु नपर्ऱ्या र पानी नचल्न्याको, घटिबढि जातमा करणी गर्ऱ्याको भनि घटिबढि जातका महलहरूको व्यवस्था गरेको थियो र सो बैधानिकता हालसम्म समाजमा जरा गाडेर बसेको छ (वागचन्द, २०५९) ।

नेपालको अन्तरिम संविधान २०६३ को धारा १४ (१) मा "कुनै पनि व्यक्तिलाई जात, वंश, समुदाय र पेशाका आधारमा कुनै किसिमको छुवाछुत तथा जातीय भेदभाव गरिने छैन । यस्तो भेदभावपूर्ण व्यवहार दण्डनीय हुनेछ र पीडित व्यक्तिले कानुनद्वारा निर्धारण भए बमोजिमको क्षतिपूर्ति पाउने छ ।" त्यस्तै धारा १४ (२) मा "कुनै पनि व्यक्तिलाई जातजातिको आधारमा सार्वजनिक, धार्मिक स्थलमा प्रवेश वा उपयोगका कुराहरू प्रयोग गर्नबाट वा सार्वजनिक, धार्मिक स्थलमा प्रवेश वा धार्मिक कार्य गर्नबाट बञ्चित गरिने छैन ।" यसबाट के प्रष्ट हुन्छ भने छुवाछुत तथा जातीय भेदभाव कानुनी रूपमा अन्त्य भै सकेको छ  (नेपालको अन्तरिम संविधान, २०६३) ।

आदिवासी जनजातिको सन्दर्भ उल्लेख गर्नुपर्दा २९ जुन २००६ मा राष्ट्रसंघीय मानव अधिकार परिषद्ले पारित गरेको घोषणापत्रमा व्यवस्थित गरिएको अधिकार प्राप्त जनजातिहरू पर्दछन् । हाल संसारका ७० भन्दा बढि मुलुकमा छरिएर रहेका आदिबासी जानजातिको संख्या ५० करोडभन्दा बढि रहेको अनुमान छ । संसारमा ५००० भन्दा बढि आदिवासी जनजातिहरूका समूह तथा उप-समूहहरू रहेका छन् । एसिया महादेशमा विश्वको ४५% जनसंख्या रहेको हुँदा यहाँ आदिबासी तथा जनजातिहरूको समूह र संख्या बढि नै रहेको छ । आदिबासी जनजातिको समूह मध्येको एक मुख्य समुह राई जाति हो । चार जात छत्तिस बर्णको फूलबारी भनी चिनिने नेपालमा भौगोलिक क्षेत्रको स्वरूपको आधारमा विभिन्न जातजातिका मानिसको बसोबास रहेको छ । यहाँ हालसम्म ५९ जनजातिहरू सूचीकृत छन् ।

मानवविकास प्रतिवेदन (२००६) अनुसार प्राचिन समाज र सभ्यता सँगसँगै देखा परेका शिक्षाका विविध स्वरूपहरू वर्तमान अवस्थासम्म पनि हाम्रो समाजमा विभेदीकरणको रूपमा रही रहेका छन् । नेपालमा पनि वर्गीय विभेद विद्यमान रहेको हुँदा शिक्षाका अवसरहरूमा

एकरूपता छैन । यहाँको शैक्षिक उपलब्धीको कुरा गर्ने हो भने कक्षा ६ मा भर्ना भएका १०० जना मध्ये १५ जना मात्र एस्.एल्.सी. पास हुन्छन् । कक्षा ६ मा भर्ना भै एस्.एल्.सी.मा पुग्न औसत १२.२ वर्ष लाग्दछ । प्रा.वि.को सरदर क्षमतादर ४९% मात्र देखिनुले पनि न्यून शैक्षिक उपलब्धीको संकेत गरेको छ (मानव विकास प्रतिवेदन, २००६) ।

राई जातिको शैक्षिक अवस्थालाई यस शोधकार्यमा अध्ययन गर्न लागिएको छ । जातीय आधारमा शिक्षाको प्रकृति पनि फरक हुने हुँदा राईहरूको लशैक्षिक अवस्था कमजोर देखिएकोले यहाँ अध्ययनको विषयवस्तु बनाइएको छ । जनजातिको प्रा.वि. भर्नादर ३६% मात्र देखिनु पनि न्यून शैक्षिक उपलब्धीको संकेत हो । जनजातिको भर्ना ३६% मात्र देखिँदा जनजाति मध्येको मुख्य जाति राईको शैक्षिक अवस्था अध्ययन गर्न सान्दर्भिक ठानीएकोले “प्राथमिक तहको शैक्षिक उपलब्धिमा वातावरणको प्रभाव” विषय अन्तर्गत खासगरी राई विद्यार्थीको प्राथमिक तहको शैक्षिक उपलब्धिमा वातावरणको प्रभावको बारेको विषय अध्ययनको लागि उठान गरिएको हो । तसर्थ अध्ययन क्षेत्रका राई विद्यार्थीहरूको शैक्षिक अवस्थाको अध्ययन गरी शैक्षिक अवस्था न्यून हुन वातावरणले कस्तो प्रभाव पार्दछ भन्ने तत्व पहिचान गरी निश्कर्ष निकाली आवश्यक सुझाव दिनु यो अध्ययनको लक्ष्य हो ।

## १.२ समस्याको कथन

नेपालमा युगौं देखि जरा गाडेर रहेको जातीय विभेद तथा असमान व्यवहार समाज विकासको अवरोधको रूपमा खडा भएको छ । देशको कूल जनसंख्याको २.७९% राईहरू रहेको भए तापनि उनीहरू आर्थिक, सामाजिक, राजनैतिक, सांस्कृतिक, शैक्षिक तथा स्वास्थ्य सम्बन्धि दृष्टिकोणले समेत पछि परेका छन् । शिक्षाबाट बञ्चीत ३४.१% मानिसहरू पनि मूलरूपमा दलितहरू र त्यसपछि जनजातिहरू पर्दछन् (शिक्षा विभाग, २०७०) ।

उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ ले पिछडिएका समुदायमा शिक्षाको ज्योति पुऱ्याउन सम्बन्धित समुदायलाई संलग्न गराई अल्पावधि विद्यालयहरूको सञ्चालन गरिनु पर्दछ साथै पिछडिएका समुदायका केटाकेटीहरूलाई विद्यालय ल्याउन, टिकाउन र

निरन्तर शिक्षा प्रदान गर्न छात्रवृत्ति दिने प्रवन्ध गर्नु पर्छ भनेर सुझाव दिइएकोमा तुलनात्मक रूपमा सन्तोषजनक अवस्थाको सिर्जना हुन सकेन (गौतम र अन्य, २०६०) ।

मानवीय आवश्यकता मध्येको एक प्रमुख आवश्यकताको रूपमा मानिने शिक्षा सर्वसुलभ बनाउन नेपाल सरकारले प्रतिवद्धता जाहेर गरेको छ । "सबैको लागि शिक्षा" कार्यक्रमको माध्यमबाट पिछडिएको वर्ग, लिङ्ग, जाति आदिको लागि समेत समावेशी शिक्षाको कार्यक्रमहरू लागू भैरहेका छन् । साथै प्राथमिक तहको शिक्षा सबै वर्ग, जाति, लिङ्ग र समुदायमा पुऱ्याउन खोजिएको छ । हाल शिक्षा सम्बन्धमा निर्माण गरिएका विविध कार्यक्रम लागू गरिएता पनि प्राथमिक तहमा राई बालबालिकाको शैक्षिक उपलब्धि न्यून रहेको छ । राई बालबालिकाको शैक्षिक उपलब्धि न्यून हुनुमा के-कस्ता तत्वले प्रभाव पारेका छन् ?, शैक्षिक उपलब्धि कम हुनुमा उनीहरूको सामाजिक, आर्थिक, सांस्कृतिक पक्षहरू के-कति जिम्मेवार छन् ? भन्ने समस्याहरूलाई आधार मानी यस अध्ययनको मुख्य समस्याको कथनको रूपमा "प्राथमिक तहको राई बालबालिकाहरूको शैक्षिक अवस्था" लाई लिइएको छ ।

## १.३ अध्ययनको औचित्य

कुनै पनि अध्ययन अनुसन्धानको आ-आफ्नै महत्व तथा औचित्य भएजस्तै यो अध्ययनको पनि आफ्नै किसिमको गहनतम महत्व रहेको छ । यस अध्ययनले राई विद्यार्थीहरू साथै राई समुदायमा शिक्षाको अवस्थामा प्रभाव पार्ने तत्वहरूको बारेमा प्रष्ट हुनेछ । साथै राई विद्यार्थीहरूलाई शैक्षिक उपलब्धि बृद्धि गर्न शिक्षामा बढि भन्दा बढि सहभागिता गराउन शिक्षक, अभिभावक, समाज र विद्यार्थीहरूले वहन गर्नुपर्ने उत्तरदायित्वलाई समेत स्पष्ट पार्नेछ । अध्ययनको औचित्यलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ । यस अध्ययनबाट राई विद्यार्थीको शैक्षिक अवस्था पहिचान गर्न र राईहरूको शैक्षिक अवस्था न्यून हुने तत्वहरू पहिचान गरी राई बालबालिकाको शैक्षिक उपलब्धि बृद्धि गर्ने उपायहरू सुझाउन सहयोग पुग्नेछ । राई समुदायको र विद्यार्थीको प्राथमिक स्तरमा समान पहुँच र सहभागिता बढाउन अपनाउनु पर्ने भावी रणनीति तथा योजना बनाउन र राई समुदायसँग सम्बन्धित अन्य अनुसन्धान गर्न इच्छुक अनुसन्धानकर्तालाई सहयोग पुग्नसक्ने देखिन्छ ।

यस अध्ययनबाट प्राप्त निष्कर्षले शिक्षा र राई जातिसँग प्रत्यक्ष वा परोक्ष रूपमा चासो राख्ने शिक्षक, विद्यार्थी, समाज, विषयविद, शिक्षाविद्, सरकारी तथा गैरसरकारी संस्थाहरू र शैक्षिक संस्थाहरूलाई नीति नियम कार्यान्वयन र निर्णय गर्नका लागि समेत सहयोग पुऱ्याउन सक्ने देखिन्छ। यस अनुसन्धानबाट प्राप्त निष्कर्षको औचित्य निम्नानुसार हुने अपेक्षा गरिएको छ :

१. अनुसन्धानकर्ता तथा सरोकारवालालाई उपयोगी स्रोत सामग्रीको रूपमा रहनेछ।
२. पाठ्यक्रम निर्माताहरूलाई समयसापेक्ष पाठ्यक्रम परिमार्जन गर्न मद्दत पुऱ्याउनेछ।
३. शिक्षाका नीतिनिर्माता तथा योजनाकारहरूलाई शैक्षिक नीति तथा योजना निर्माण गर्न सहयोग पुऱ्याउनेछ।
४. शैक्षिक लगानीकर्ताहरूलाई शिक्षामा लगानी गर्न आधार प्रदान गर्नेछ।
५. जनजाति उत्थानमा लागेका संघसंस्था व्यक्तिहरू र वुद्धिजीविहरूलाई योजना, नीतिनिर्माण र कार्यान्वयनमा सहयोग पुऱ्याउनेछ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका लागि निम्न उद्देश्यहरू राखिएका छन् :

१. प्राथमिक तहमा अध्ययनरत राई जातिका बालबालिकाको वर्तमान शैक्षिक अवस्था पहिचान गर्नु।
२. राई बालबालिकाको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वहरू पहिल्याउनु।
३. राई बालबालिकाहरूको शैक्षिक उपलब्धि बृद्धि गर्ने उपायहरु सुझाउनु।

## १.५ अनुसन्धानात्मक प्रश्नहरू

उद्देश्यहरूको प्राप्तिको लागि निम्न अनुसन्धानात्मक प्रश्नलाई आधार लिइएको छ :

१. राई जातिको  शैक्षिक अवस्था कस्तो छ ?
२. राई जातिका बालबालिकाको शैक्षिक अवस्था के-कस्ता छन् ?
३. राई जातिका विद्यार्थीहरूको शैक्षिक उपलब्धिमा कुन-कुन पक्षहरुले प्रभाव पार्दछन ?

४. राई जातिका विद्यार्थीहरूको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने प्रमुख तत्वहरू के-कस्ता होलान् ?

## १.६ अध्ययनको परिसीमा

कुनै पनि अध्ययनको निश्चित सीमा रहन्छ । यस अध्ययनमा पनि अनुसन्धान कर्ताको सीमीत स्रोत, साधन र अर्थाभावका कारण निम्नानुसार परिसिमित गरियो :

यस विषयको अध्ययनको लागि भोजपुर जिल्लाको कुलुङ गा.वि.स. अन्तर्गतका १३ वटा सामुदायिक विद्यालयहरू मध्ये राई जातिहरुको बाहुल्यता रहेका चारवटा विद्यालयहरूका प्रा.वि. तहलाई मात्र लिइएको छ । साथै विद्यार्थीहरूको शैक्षिक सत्र वि.सं. २०६८ देखि वि.सं. २०७० सालसम्मको नतिजालाई गैर राई जातिहरुको विद्यार्थीसँग तुलना गरी विश्लेषण गरिएको छ । राई जातिहरुको विद्यार्थीहरूको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वहरूको खोजी गर्ने र शैक्षिक उपलब्धि बृद्धिगर्ने उपायहरूको खोजी गर्ने कुरामा जोड दिइएको छ । विद्यालयमा अध्ययनरत राई जातिहरुको विद्यार्थी, शिक्षक, अभिभावकहरूमा यो अध्ययनलाई सिमित गरियो । यो अध्ययन प्राथमिक तहमा अध्ययनरत राई जातिहरुको विद्यार्थीमा सिमित छ ।

## १.७ मुख्य शब्दहरुको परिभाषा

यस अध्ययनमा प्रयोगमा आउने विभिन्न शब्दावलीले निम्न अर्थ बुझाउने छन् :

राई : भोजपुर जिल्लाको कुलुङ गा.वि.समा बसोबास गर्ने राई जातिहरू ।

गैर राई : अध्ययन क्षेत्रका अन्य जातिहरू ।

शैक्षिक उपलब्धि : वार्षिक परीक्षामा प्राप्त शैक्षिक उपलब्धि ।

पेशा : अध्ययन क्षेत्रका राई बालबालिकाका अभिभावकको पेशा ।

स्रोतकेन्द्र : सम्बन्धित विद्यालयहरू संलग्न रहेको चौकीडाँडा स्रोतकेन्द्र ।

स्रोत व्यक्ति : चौकीडाँडा स्रोतकेन्द्रका स्रोतव्यक्ति ।

लिङ्ग : छनोटमा परेका विद्यार्थीको लिङ्ग ।

अध्ययन क्षेत्र : भोजपुर जिल्ला कुलुङ गा.वि.स.का ४ वटा विद्यालयहरू ।

अध्यक्ष : छनोटमा परेका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ।

# परिच्छेद दुई :
# सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक संरचना

कुनैपनि समस्याको समाधान गर्न गरिने अध्ययनको लागि त्यस विषय वा समस्यासँग मेलखाने सिद्धान्त, सम्बन्धित साहित्य, लेखरचना तथा अनुसन्धान प्रतिवेदनहरूको पुन : अध्ययन गर्नुपर्दछ । यसले समस्या समाधानका लागि के-कस्ता विकल्पको खोजी भइरहेको छ भन्ने सम्बन्धमा यथार्थ जानकारी दिन्छ । शोधकर्तालाई खोजी हुन बाँकी समस्याको बारेमा अध्ययनलाई केन्द्रित बनाउने अवसर प्रदान गर्दछ । एउटै विषय वा समस्यामा खोजीकार्य दोहोरिन नदिइ नयाँ नयाँ विषयमा खोज अनुसन्धान गर्नका लागि शोधकर्ताले सम्बन्धित सिद्धान्त तथा पूर्वसाहित्यको अध्ययन गर्नु आवश्यक हुन्छ ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

अनुसन्धान कार्यलाई पूर्णता दिनको लागि अध्ययनको विषय वा सोसँग मिल्दाजुल्दा विषयहरूमा हालसम्म भए गरेका कार्यहरू, सम्बन्धित व्यक्तिका लेख, रचना, सोधकार्य, कार्यपत्र आदि प्रकाशित तथा अप्रकाशित कृतिहरूको पुनरावलोकन गर्नु जरुरी हुन्छ । यसबाट अध्ययन कार्यमा हालसम्म भएका प्रयासहरूबारे तुलनात्मक अध्ययन गरी तथ्य पत्ता लगाउन र निष्कर्षमा पुग्न सहयोग पुग्दछ । यहाँ नेपालको सन्दर्भमा र अध्ययन गर्ने विषयका प्रकृतिसँग मिल्ने खालका हालसम्म भएका विभिन्न प्रयासहरूबारे चर्चा गरिन्छ ।

शर्मा एण्ड शर्मा (२०६२) का अनुसार प्राचिन मानव सभ्यताको समयमा पनि सामाजिक विभेदिकरणको अस्तित्व रहेको थियो । व्यक्तिगत योग्यता, क्षमता, कार्य दक्षता, निपूर्णता, असक्षमता, विद्वता, शक्ति सम्पन्नता तथा विपन्नता, जातीयता, पेशा, व्यवसाय आदि विविध कारणले गर्दा समाजमा सामाजिक असमानताको खाडल र पहुँच दह्रो रूपमा रहेको पाइन्छ । सामाजिक विभेदिकरणका बारेमा प्राचिन समयदेखि नै विभिन्न दार्शनिक तथा समाजशास्त्रीहरूले आ-आफ्ना विचार वा चिन्तनहरू प्रस्तुत गर्दै आएका छन् । त्यस समयका सामाजिक, राजनैतिक तथा आर्थिक परिवेशका आधारमा समाज सञ्चालनका लागि यस प्रकारका चिन्तनहरू तथा सिद्धान्तहरू प्रस्तुत हुँदै आएका छन् । ग्रिसेली प्रसिद्ध

विद्वान प्लेटोले आदर्श राज्यको परिकल्पना गर्दै समाजलाई विभिन्न वर्गमा विभाजन गर्ने, कामको बाँडफाँड गर्ने तथा अनुशासन कायम गर्ने चिन्तन प्रस्तुत गरेका छन् । प्लेटोका यी चिन्तनहरूबाटै सामाजिक विभेदिकरणको चिन्तन प्रादुर्भाव भएको हो । उनका चिन्तनमा अवसरको समानता, निजी सम्पत्तिको उन्मूलन र साझा कल्याणकारी समाजको निर्माण रहेको छ ।

काफ्ले, सिन्हा र श्रेष्ठ, (२०६०) का अनुसार सन् १९९० मार्च ४-९ सम्म थाइल्याण्डमा भएको शिक्षामन्त्रीहरूको संम्लेननले सन् २००० सम्म "सबैका लागि शिक्षा" भन्ने घोषणापत्र जारी गऱ्यो । यस सम्मेलनले सुविधाजनक समूहका साथै सुविधाविहीन समूहहरू जस्तै महिला, दलित, जनजाति, पिछडिएको समूह, न्यून आर्थिकस्तर भएका बालबालिका, ग्रामीण एवम् विकट स्थानका शारीरिक एवम् मानसिक रूपमा कमजोर वर्ग आदि सबैलाई आधारभूत शिक्षा प्रदान गर्ने मुख्य उद्देश्य लिएको थियो । त्यसैअनुरूप नेपालले सन् २००० सम्ममा सबै प्राथमिक तह, उमेर समूहका बालबालिकालाई प्राथमिक शिक्षा उपलब्ध गराउने भनेर औपचारिक तथा अनौपचारिक शिक्षाका कार्यक्रम अगाडि साऱ्यो । सन् २००० सम्ममा उल्लेखनीयन उपलब्धी हासिल नभएपछि पुन : अप्रिल २६-२८ सन् २००० मा विश्व शिक्षामञ्चले "सबैका लागि शिक्षा"मा पुन : प्रतिवद्धता जाहेर गऱ्यो । त्यसैअनुरूप सन् २०००-२००५ सम्म सबैका लागि शिक्षा कार्यक्रमको  तत्कालीन रणनीति, सन् २००५-२०१२ सम्म मध्यकालीन रणनीति र सन् १०१२-२०१५ लाई दीर्घकालीन रणनीति निर्धारण गरी सन् २०१५ सम्म विश्वका सबै मुलुकमा रहेका बालबालिकाहरू खासगरी पिछडिएका, सुविधाविहिन र द्वन्द्वमा परेका बालबालिकाहरूलाई प्राथमिक शिक्षाको सुनिश्चितता गर्ने प्रतिवद्धतास्वरूप हरेक मुलुकमा विभिन्न शैक्षिक कार्यक्रमहरू संचालन भइरहेका छन् ।

ढकाल, (२०६६) ले घरपरिवारको गरिबी, जातिगत अन्धविश्वास, अशिक्षित र निरक्षर अभिभावक, पारिवारिक जिम्मेवारी सम्हाल्नुपर्ने बाध्यता, माथिल्लो जातिबाट हुने हेलाले गर्दा कुमाल बालबालिकाको विद्यालय सहभागिता कम रहेको पत्ता लगाएका छन् । उनका अनुसार कुमाल बालबालिकाहरूको विद्यालय सहभागिता बढाउन कुमाल जातिको आर्थिक पक्षमा टेवा पुऱ्याउनुपर्ने खालका कार्यक्रम संचालन गर्नुपर्ने, कुमाल विद्यार्थीको सम्पूर्ण खर्च

धानिन सक्ने गरी अनिवार्य छात्रवृत्तिको व्यवस्था गर्नुपर्ने, पोशाकको व्यवस्था गर्नुपर्ने, घरदैलो अभियान संचालन गरी उनीहरूका बालबालिकालाई विद्यालयमा सहभागि गराउन उत्प्रेरित गर्नुपर्ने, विद्यालयमा अभिभावक संम्मेलन गरी अभिभावकहरूसँग अन्तर्क्रिया गर्नुपर्ने, सानो प्रगति गर्दा पनि पुरस्कार दिएर प्रोत्साहित गर्नुपर्ने, आदि उपाय प्रस्तुत गरेका छन् ।

भट्टराई (२०६६) ले गरेको अध्ययनमा अभिभावकहरू कृषि पेशामा संलग्न भएकाले घरयासी कामकाजमा छोराछोरी संलग्न हुनुपर्ने, आवश्यक कापी कलम किन्न नसक्ने, सानै उमेरमा विवाह, भाषिक कठिनाई आदि कारणले विद्यालयमा मगर बालबालिकाहरूको सहभागिता कम रहेको पत्ता लगाएका छन् । उनले विद्यालयमा मगर जातिका बालबालिकाको शैक्षिक सहभागिता वृद्धि गराउन विद्यालयले छात्रवृत्ति, पोशाक, खाजाको सुविधा जस्ता प्रभावकारी कार्यक्रम ल्याउनुपर्ने, समुदायमा पनि शैक्षिक जागरण फैलाउनुपर्ने, चेतनामूलक कार्यक्रम संचालन गर्नुपर्ने उपाय प्रस्तुत गरेका छन् ।

शिक्षा विभाग (२०६२) का अनुसार प्राथमिक विद्यालयमा बालबालिकाको सहभागिता बढाउन र उनीहरूलाई टिकाइराख्न विद्यालयको वातावरणले बालबालिकालाई आकर्षण गर्नसक्नु पर्दछ । कक्षाकोठा रुचिपूर्ण हुनु, शिक्षकले उनीहरूप्रति गर्ने व्यवहार मैत्रीपूर्ण हुनु, बालमैत्री विद्यालय बनाइ उनीहरूमा विद्यालयप्रति सकारात्मक भावना जगाउन सक्नु जस्ता कार्यले बालबालिकाको विद्यालय सहभागिता बढाउन सक्दछ ।

शैक्षिक उपलब्धीदर वृद्धि गर्न विभिन्न क्षेत्र र समय समयमा भए गरेका प्रयासहरूबाट पनि अध्ययन क्षेत्रको राई विद्यार्थीहरूको शैक्षिक अवस्था सुध्रन नसकेको परिप्रेक्षयमा "प्राथमिक तहको राई बालबालिकाको शैक्षिक अवस्था" विषयक शीर्षक छनोट गरी अध्ययन कार्य गरिन लागेको  हो । हाल सम्मका खोज अनुसन्धान तथा अन्य प्रयाशहरूमा पनि कुलुङ गा.वि.स. अन्तर्गतका राई विद्यार्थीहरूको शैक्षिक अवस्थाबारे खोजी गर्ने प्रयास नभएको हुँदा नै यस विषयमा अध्ययन अनुसन्धान गरी निष्कर्ष निकालेर सुझाव पेश गर्नु नै यो अध्ययनको प्रमुख केन्द्रविन्दु हो ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

यस अध्ययनको लागि कार्ल मार्क्सको वर्ग संघर्षको सिद्धान्तलाई र इमाइल दुर्खाइमको सामाजिक वर्ग र शिक्षा शिद्धान्तलाई सैद्धान्तिक खाकाको रूपमा लिइएको छ ।

शर्मा, (२०६२) का अनुसार मार्क्सको धारणामा सम्पूर्ण पक्षहरूमा र सिङ्गो सामाजिक व्यवस्थाको रूपमा परिवर्तन ल्याउने आधार वर्गसंघर्ष हो । वर्गसंघर्षको सिद्धान्त अनुसार समाजमा विभिन्न वर्गहरू रहेका हुन्छन् । समाजका यी परश्पर विरोधी वर्गहरूका बीचमा आफ्नो-आफ्नो स्वार्थलाई लिएर सामाजिक संघर्षको स्थिति उत्पन्न हुन्छ । यस अन्तर्गत शोषित वर्ग वा मजदुर वर्ग वा श्रमिक वर्ग र पुँजीपति, सामन्ती वा शोषक वर्गहरूबीच उत्पादन प्रक्रिया, उत्पादनको वितरण वा उत्पादनको उपभोगको सम्बन्धमा र उत्पादनका साधनहरूको स्वामित्वका सम्बन्धमा वर्गीय आधारमा सधैं सामाजिक द्वन्द्व हुने गर्छ । पुँजीपति वर्गले सधैं श्रमको शोषण गर्ने र वस्तुको अतिरिक्त मूल्यलाई श्रमिकहरूबाट अलग गरी आफूले मात्र उपभोग गर्ने गर्दछन् । यसले गर्दा श्रमजीवी वर्ग प्रभावित हुन्छ । यस प्रभावले श्रमिक वर्गमा चेतना विकास, संगठनको विकास हुँदै वर्गीय संघर्ष चर्कन्छ । यस प्रकार उत्पन्न भएको दुई वर्गबीचको संघर्ष क्रान्तिकारी र रक्तपातपूर्ण बन्न जान्छ । यसबाट सामाजिक सम्बन्ध, व्यवहार, उत्पादन प्रणाली तथा उत्पादनका साधनहरूमाथिको स्वामित्वमा परिवर्तन हुँदै सिङ्गो सामाजिक संरचनामा परिवर्तन आउँछ अर्थात् जब उत्पादनको तरीका, मान्यता र प्रक्रियामा परिवर्तन आउँछ तब सामाजिक संरचना भित्रका अन्य एकाई र उपएकाईहरूको कार्य प्रणालीमा परिवर्तन आउँछ यो नै संघर्षको सिद्धान्तअनुसारको परिवर्तन हो ।

यस सिद्धान्तअनुसार समाजमा शोषकका विरुद्ध शोषित, बलियाका विरुद्ध कमजोर वर्गबीच द्वन्द्व भइरहन्छ । द्वन्द्व एक स्वभाविक र सामान्य प्रक्रिया हो । समाजमा व्याप्त गरिबी, असन्तुलित अवस्था, बेरोजगार, कम उत्पादन, पुँजीको एकीकरण, शोषण आदिका कारण वर्गहरूको आपसी स्वार्थ पूरा गर्न संगठित र एकताबद्ध रूपको गुणात्मक पक्षमा वृद्धि हुन्छ । संसारमा पुँजीपति वर्ग न्यून हुन्छन् र सर्वहारा वर्गको संख्यात्मक गुणात्मक वृद्धि हुन्छ । यसले रक्तपातपूर्ण स्थिति पैदा गर्दछ र समाजवाद हुँदै साम्यवादमा फड्को मार्दछ ।

साम्यवाद भनेको वर्गविहिन अन्तर्राष्ट्रियवादको निर्माण हो । यस अवस्थामा समाजका सामाजिक प्रचलन मान्यता व्यवहार, सम्बन्ध तथा सिङ्गो उत्पादन प्रणालीमा परिवर्तन आउँछ र नयाँ सामाजिक सम्बन्धको स्थापना हुन्छ ।

मार्क्सले भनेझैं सामाजिक परिवर्तनका प्रक्रियाबाट हुने परिवर्तन होस् या त दुई वर्गबीचको द्वन्द्वबाट हुने परिवर्तन होस् राई जाति पनि यस प्रक्रियाभन्दा फरक रहेको छैन । यस अर्थमा मार्क्सको विश्लेषणअनुसार राई बालबालिकाहरूको आर्थिक स्थितिको कारणले उनीहरूको अध्ययनलाई पार्ने प्रभावबारे यो अध्ययनले विश्लेषण गर्ने प्रयास गरेको छ ।

काफ्ले, र अन्य साथीहरु (२०६२) का अनुसार दुर्खाइमको धारणामा शिक्षा एक सामाजिक वस्तु हो शिक्षाले प्राप्त गरेका आदर्शहरूलाई नै समाजले आफ्ना आदर्शका रूपमा ग्रहण गर्दछ । शिक्षाले समाजको विकासमा निरन्तर योगदान पुऱ्याउँछ । समाजले शिक्षाका प्रकारहरू निर्धारण गर्दछ  र शिक्षाले सामाजिक आवश्यकताहरूको पूर्ति गर्दछ । उनको विचारमा शिक्षा समाजबाट अलग र समाज शिक्षाबाट अलग रहन सक्दैन । समाजका प्रत्येक व्यक्तिहरूमा साझा गुणहरू विद्यमान हुन्छन् । यस्ता साझा गुणहरूले उनीहरूमा समानता ल्याउँछ र सामाजिक दायित्वको बोध हुन्छ । सामाजिक दायित्व शिक्षाले ग्रहण गर्दछ र यसलाई सामुहिक संस्थाका रूपमा विकसित गरिन्छ । यसरी शिक्षाले समाजका आवश्यकताहरू पूर्ति गर्दछ । सामाजिक विकासमा योगदान पुऱ्याउँछ । शिक्षा पूर्णतया सामाजिक प्रक्रिया हो । यसको छुट्टै चिनारी नै छैन । समाजको रूचि, माग, आदर्श, मूल्य र संस्कारसँगै शिक्षा अघि बढ्दछ । व्यक्ति र समाजको आधारमा नै शिक्षाको अस्तित्व सम्भव हुन्छ । समाजको सामुहिकपन, सामुहिक चेतना र सामुहिक प्रतिनिधित्वजस्ता सिद्धान्तहरूको प्रतिपादन गरी दुर्खाइमले शिक्षाका समाजशास्त्रीय विकासमा योगदान पुऱ्याए ।
दुर्खाइमका अनुसार जसरी व्यक्ति क्रियाकलापहरूको सञ्चालनका लागि क्रियाशील हुनुपर्दछ त्यसरी नै सामाजिक क्रियाकलाप सञ्चालनका लागि समाजको प्रणाली क्रियाशील हुनुपर्दछ । समाजमा जीवित र क्रियाशील रहनका लागि सामाजिक, सांस्कृतिक मूल्य मान्यताहरू प्रणालीका रूपमा चल्नु पर्दछ । सबै समाजको वातावरण एकै प्रकारको नहुन सक्छ । एउटा वातावरणको प्रणाली अर्को वातावरणमा लागू नहुन सक्छ । अतः अलग-अलग समाज जुन प्रणालीमा सञ्चालित छ त्यही प्रणालीका आधारमा त्यो समाज र सामाजिक

क्रियाकलापहरूको ब्याख्या र विश्लेषण गरिनुपर्दछ भन्ने धारणा उनले कार्यगत सिद्धान्तहरूमा उल्लेख गरेका छन् । उनका अनुसार एउटा समाजमा जति धैरै सामाजिक तत्त्व र स्वरूपहरू हुन्छन् त्यति नै शिक्षाका प्रकार हुन्छन् भन्दै समाजमा भइरहने परिवर्तनअनुसार शैक्षिक प्रक्रियामा पनि परिवर्तन भइरहनुपर्दछ र समाजको प्रत्येक अंशले सिर्जना गरेका आदर्शहरूलाई अर्थ दिने र संरक्षण गर्ने काम शिक्षाले गर्नुपर्छ भनेका छन् । उनी भन्छन् : सामाजिक ऐक्यवद्धता खोजेका विद्यालयबाटै जातिय छुवाछुत, भाषिक थिचोमिचो, संस्कारको दबदबा र धनको दबदबा स्वीकार्ने संस्कार ब्यूँताइदिन्छ । दुर्खाइमको यस सिद्धान्तलाई मनन गर्दा नेपालमा खस भाषा र हिन्दू संस्कृतिको दबदबाले आफ्नो छुट्टै भाषा र संस्कृति भएका राई विद्यार्थीहरूको सिकाइ उपलब्धीमा बाधा पर्न गएको छ । यसले गर्दा उनीहरूले राम्रोसँग सिक्न र प्रतिस्पर्धा गर्न सक्दैनन् । यस्तो अवस्थामा शिक्षामा समान अवसर भन्ने अवधारणा सही रूपमा लागू हुन सकेको छैन ।

माथि उल्लेखित मार्क्स (सन् १९४८) को दृष्टिकोण र दुर्खाइम (सन् १८५८) को दृष्टिकोणले प्राथमिक तहमा अध्ययनरत बालबालिकाहरूको शैक्षिक अवस्थाको अध्ययन गर्न मद्दत पुऱ्याउने हुनाले यो अध्ययनलाई तिनीहरूकै सोंचसँग गाँसिएको छ ।

## २.३ अनुसन्धानमा पुनरावलोकनको प्रयोग

अध्ययन गरिएका सम्बन्धित साहित्य र सिद्धान्तहरूले अध्ययनलाई मार्ग दर्शन गर्ने काम गरेका छन् । अध्ययनलाई निश्चित सिद्धान्तमा रहेर अगाडी बढ्न सहयोग पुऱ्याएको छ । अध्ययनलाई उद्देश्यमुखी बनाई विषयन्तर हुनबाट जोगाउने काम गरेको छ । शोधलाई निश्चित विषयवस्तुमा रहेर निश्चित संरचना तयार गर्न मद्धत पुऱ्याएको छ ।
सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरूजस्तै विद्यालयका गतिविधिहरू, पारिवारिक अवस्थाहरू, सामाजिक, धार्मिक, सांस्कृतिक, राजनैतिक, आर्थिक, मातृभाषा जस्ता तत्वहरूले प्रभाव पारेको हुन्छ । बालबालिकाको सर्वाङ्गिण विकास गराउनको लागि विभिन्न तत्वहरूसँग सामन्जस्य गराई शिक्षण सिकाइ क्रियाकलाप सम्पन्न गर्न सकेमा निश्चित रूपले आशा अनुरूपको सिकाइ उपलब्धि प्राप्त हुन्छ । उक्त शैक्षिक तथा सैद्धान्तिक खाकाबाट शोधकर्तालाई सहयोग प्राप्त हुन पुगेको छ ।

# परिच्छेद तीन :
# अनुसन्धान विधि

## ३.१ अनुसन्धान ढाँचा

कुनै पनि अनुसन्धान निश्चित ढाँचामा तयार गरिएको हुन्छ । यो अनुसन्धान गुणात्मक ढाँचामा तयार गरिएको छ ।

## ३.२ जनसंख्या र नमुना

(क) जनसंख्या

यस अध्ययनका लागि अध्ययन क्षेत्र विद्यालय तथा जनसंख्याको छनोटमा उद्देश्यात्मक नमूना संकलन विधि अपनाई चारवटा विद्यालयका २० राई छात्र/छात्रा र २० गैर राई छात्र/छात्राको छनोट गरिएको छ (परिशिष्ट १४) । राई विद्यार्थीको बाहुल्यता रहेको चारवटा सामुदायिक विद्यालयको प्रा.वि. तहलाई छनोट गरी वि.सं. २०६८-२०७० सम्मको नतिजालाई अध्ययनकार्यको आधार मानिएको छ । उद्देश्यात्मक नमुना छनौट विधिको आधारमा भोजपुर जिल्लाका ६३ गा.वि.स. मध्येको राई जातिको बाहुल्यता रहेको कुलुङ गा.वि.स.लाई अध्ययन क्षेत्रको रूपमा छानिएको छ । गा.वि.स. भित्रका १२ वटा सामुदायिक विद्यालय मध्ये राई समुदायको बाहुल्यता रहेका ४ वटा विद्यालयको प्राथमिक तहलाई छनौट गरिएको छ । (परिशिष्ट ११)

(ख) नमुना

राई बालबालिकाको शैक्षिक अवस्थाको अध्ययन गरिने भएकोले राई अभिभावक मध्येबाट ८ जना अभिभावकलाई उद्देश्यात्मक नमुना छनोटका आधारमा छानिएको छ । (परिशिष्ट १३) विद्यार्थी क्रियाकलाप अवलोकन गर्नका लागि राई र गैर राई विद्यार्थी भएका प्रा.वि.का १-५ कक्षालाई छानिएको छ ।

विद्यालय र विद्यार्थीहरूका व्यवहार तथा क्रियाकलापहरूको जानकारी प्राप्त गर्न सरोकारवालाहरू मध्ये विद्यालय क्षेत्र नजिकका अभिभावकहरू मध्येबाट ८ जना अभिभावकहरूलाई उद्देश्यात्मक नमुना छनौट विधिको आधारमा छनौट गरियो । साथै विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू ४ जना र विद्यालयको गतिविधी तथा शैक्षिक स्तर समेतको जानकारी प्राप्त गर्न स्रोतकेन्द्रका स्रोतव्यक्ति समेतलाई अध्ययनमा समावेश गरिएको छ । अध्ययनको जनसंख्या र नमूना छनौट यसप्रकार रहेको छ :

तालिका १

जनसंख्या तथा नमूना

| विवरण | जनसंख्या | नमूना छनौट | नमूना छनौट विधि |
|---|---|---|---|
| विद्यालय | १२ | ४ | उद्देश्यमूलक |
| प्र.अ. | १२ | ४ | उद्देश्यमूलक |
| वि.व्य.स. अध्यक्ष | १२ | ४ | उद्देश्यमूलक |
| स्रोतव्यक्ति | १ | १ | उद्देश्यमूलक |
| विद्यार्थी | ९७८ | ४० (राई २०, गैर राई २०) | उद्देश्यमूलक |
| शिक्षक | ३६ | ४ | उद्देश्यमूलक |
| अभिभावक | ६७६ | ८ | उद्देश्यमूलक |

स्रोत : स्थलगत अध्ययन, २०७०

## ३.३ तथ्याङ्कको स्रोत

### ३.३.१ प्राथमिक स्रोत

अध्ययन कार्य पुरा गर्न तथ्याङ्क संकलनका लागि प्राथमिक र सहायक स्रोतहरू दुवै प्रयोग गरिएको छ । प्राथमिक स्रोतका रूपमा विद्यालय, प्र.अ., शिक्षक, स्रोतव्यक्ति, स्थलगत सर्वेक्षण, अन्तरवार्ता, प्रश्नावली आदिबाट तथ्याङ्क लिइयो ।

### ३.३.२ द्वितीय स्रोत

द्वितीय स्रोतका रूपमा सम्बन्धित विद्यालय, स्रोतकेन्द्र, जिल्ला शिक्षा कार्यालय, शिक्षा विभाग, शिक्षा मन्त्रालय, केन्द्रीय तथ्याङ्क विभागको तथ्याङ्क अभिलेख रहेका छन् ।

## ३.४ अनुसन्धानका साधनहरू

१. विद्यार्थी अभिलेख फारम

विद्यालयमा अध्ययन गर्ने राई र गैर राई विद्यार्थीहरूको शैक्षिक अवस्था के कस्तो रहेको छ भनी तथ्याङ्क संकलन गर्नको लागि प्रयोग गरियो । प्राथमिक विद्यालयमा अध्ययनरत राई विद्यार्थीको संख्या, लिङ्ग, उनीहरूको उपस्थिति जस्ता तथ्याङ्क संकलन गर्न यस फारमको निर्माण गरिएको छ । (परिशिष्ट ८)

२. रुजुसूची

विद्यार्थीका शैक्षिक अवस्था पत्ता लगाउन विद्यालयमा हुने गरेको शैक्षिक क्रियाकलापका साथै अन्य क्रियाकलापमा राई विद्यार्थीहरूको शैक्षिक व्यवहारको अवलोकन गर्न प्रयोग गरियो तथा कृयाकलापहरूको अवलोकन गरी सूचना संकलन गर्नका लागि प्रयोग गरिएको छ । (परिशिष्ट १)

३. अन्तर्वार्ता/प्रश्नावली

राई विद्यार्थीका शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वहरू पहिल्याउन र शैक्षिक उपलब्धि बृद्धि गर्ने उपाय पहिचान गर्न शिक्षक, विद्यार्थी, अभिभावक, स्रोत व्यक्ति, प्र.अ. लाई अन्तर्वार्ता र प्रश्नावली गरियो । राई तथा गैर राई विद्यार्थी बीचको तुलनात्मक अध्ययनका लागि छानिएको जनसंख्यालाई प्रश्नावली वितरण गरी जानकारी प्राप्त गरिएको छ । (परिशिष्ट ४)

## ३.५ तथ्याङ्क संकलन प्रक्रिया

तथ्याङ्क संकलनका लागि छनौटमा परेका विद्यालय, प्र.अ., वि.व्य.स. अध्यक्ष, शिक्षक, अभिभावक, विद्यार्थीसँग अनुसन्धानकर्ता आफै सम्बन्धित क्षेत्रमा गई तथ्याङ्क संकलनको

लागि बनाइएका साधनहरू प्रयोग गरी अन्तर्वार्ता प्रश्नावली भर्ने, अवलोकन गर्ने, रूजु सूची भर्ने, अभिलेख फारम भरी आवश्यक तथ्याङ्क संकलन गरियो । प्राप्त तथ्याङ्कहरूलाई अध्ययनकर्ताले गरेको अध्ययनका साथै विविध लेखरचनालाई एकत्रित गरी अर्थ्याइएको छ । अध्ययनको वैचारिक खाका अन्तर्गत कार्लमार्क्सको सामाजिक वर्गसङ्घर्षको सिद्धान्त र इमाइल दुर्खाइमको सामाजिक वर्ग र शिक्षा सिद्धान्तको चिन्तनसँग सम्बद्ध गरी प्रष्ट्याइएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया

प्राप्त तथ्याङ्कलाई तालिकीकरण, प्रतिशत तथा औषतवाट व्याख्या, विश्लेषण गरिएको छ ।

# परिच्छेद चार :

# नतिजा विश्लेषण

अनुसन्धानका लागि प्राप्त तथ्याङ्कको व्याख्या र विश्लेषण गर्न अध्ययनलाई निम्नानुसार शीर्षकमा राखी व्याख्या विश्लेषण गरिएको छ :

विद्यालयको प्रा.वि. तहको शैक्षिक उपलब्धिमा प्रभाव अध्ययन गरी राई र गैरराई बालबालिकाको शैक्षिक अवस्था, बालबालिकाको शैक्षिक उपलबिधमा प्रभाव पार्ने तत्वहरू तथा बालबालिकाको शैक्षिक उपलब्धि बृद्धि गर्ने उपायहरू सुझाउनु यस अध्ययनको उद्देश्य हो । उक्त उद्देश्य पूरा गर्नको लागि छनौटमा परेका कुलुङ गा.वि.स. का ४ वटा विद्यालयका प्र.अ., स्रोतव्यक्ति, शिक्षक, विद्यार्थी, अभिभावक, वि.व्य.स. अध्यक्षहरूबाट अन्तरवार्ताको माध्यमबाट संकलित जानकारीलाई विभिन्न शीर्षकहरूमा राखी व्याख्या र विश्लेषण गरिएको छ :

## ४.१ अध्ययन क्षेत्रको परिचय

भोजपुर जिल्लाका ६३ गा.वि.स.हरू मध्ये निर्वाचन क्षेत्र नं. १ मा पर्ने बहुजाति र बहुसंस्कृतिको धरोहर मानिने कुलुङ गा.वि.स. सदरमुकाम भोजपुर वजार देखि १८ कोस उत्तरमा पर्दछ । यहाँ २१६५ जना पुरुष र २२८७ जना महिला गरी जम्मा ४४५२ जनाको बसोबास छ । यहाँको जनसाङ्ख्यीक स्थिति हेर्दा १५ वर्ष मुनिको जनसंख्या १५४९ । सक्रिय जनसंख्या (१५-५९ वर्ष) भने २५०३ जना रहेका छन् । साक्षरताको कुरा गर्दा यहाँ कुल जनसंख्याको ३१६५ साक्षर छन् अर्थात ७१.०९% साक्षार रहेका छन् । जातीय संरचना हेर्दा कुलुङमा नेपालमा पाइने १०१ थरी जातिमध्ये ९ जातिमात्र पाइन्छन् । यसमध्ये राईको जनसंख्या ११७२, अन्य जातिको जनसंख्या ३२८० रहेको छ । बसोबासको हिसावमा हेर्दा वार्ड नं. २, ३ ४, ६ र ९ मा राईको बाहुल्यता छ भने अन्य वार्डहरुमा बाहुन क्षेत्रीको बाहुल्यता छ ।

शैक्षिक अवस्थाको बारेमा चर्चा गर्नुपर्दा कुलुङ गा.वि.स.मा हाल १ वटा उ.मा.वि., २ वटा मा.वि. १ वटा नि.मा.वि र १३ वटा प्रा.वि. र एउटा बहुमुखी क्याम्पस सञ्चालित छन्। हाम्रो देशको औपचारिक शिक्षाको संरचनामा कक्षा १ देखि ५ सम्मको शिक्षालाई प्राथमिक तह मानिएको छ। ५ देखि ९ वर्ष उमेर समूहका बालबालिकाहरूलाई प्राथमिक शिक्षा उमेरका बालबालिका भनिन्छ। नेपालमा प्राथमिक तहमा सहजै देखिने भर्नादर १३६.८% र खुद भर्नादर ९५.६ प्रतिशत रहेको छ। जसअनुसार केटाहरूमा १३१.६% र केटीहरूमा १४२.४% मात्र भर्नादर रहेको छ भने ६५.९% साक्षर मध्ये केटाहरु ७५.१% र केटीहरु ५७.४% साक्षर छन्। यसरी अझै पनि ३४.१ प्रतिशत शिक्षाबाट बञ्चित मानिसहरु मुलरुपमा दलित र जनजाती नै पर्दछन्। (शिक्षा विभाग, २०७०)

यस अध्ययनमा प्राथमिक तहमा राई विद्यार्थीको सहभागिता के कति छ भनी लेखाजोखा गर्नुका साथै विद्यालयका प्राथमिक तहका जम्मा विद्यार्थी, राई तथा गैर राई विद्यार्थीको विद्यालयमा उपस्थिति दर, कक्षाकोठा क्रियाकलाप, राई तथा गैर राई विद्यार्थीको शिक्षामा संलग्नता, विद्यालयका शिक्षक र गैर राई विद्यार्थीले राई विद्यार्थीप्रति गर्ने व्यवहार, शैक्षिक दृष्टिकोण, राई बालबालिकाको शिक्षामा सहभागिता सम्बन्धी समस्याहरू अध्ययन गरी समस्या समाधानका उपायहरू सुझाउन, शिक्षक, राई तथा गैर राई विद्यार्थी, वि.व्य.स., राई विद्यार्थीका अभिभावकहरूलाई खुल्ला अन्तर्वार्ताको माध्यमबाट उनीहरूले दिएका जानकारी तथा अभिलेखहरूलाई विश्लेषण तथा व्याख्या गरिएको छ। साथै राई तथा गैर राई विद्यार्थीहरूको शैक्षिक उपलब्धि पत्ता लगाउन २०६८ देखि २०७० सालसम्मको प्राथमिक तहको नतिजा विश्लेषण गरिएको छ।

## ४.२ राई बालबालिकाको शैक्षिक अवस्था

यस अध्ययनका लागि संकलित तथ्याङ्कलाई राई र गैर राई बाबालबालिकाहरु छुट्याएर तुलना गरी राई बालकालिकाहरूको शैक्षिक अवस्थालाई व्याख्या र विश्लेषण गरिएको छ।

### ४.२.१ छनौटमा परेका विद्यालयका विद्यार्थी विवरण

कुलुङ गा.वि.स.मा रहेका १३ वटा सामुदायिक विद्यालयहरूमध्ये उद्देश्यमूलक नमूना छनौट विधिका आधारमा ४ वटा विद्यालयहरूलाई अध्ययनका लागि छनौट गरिएको छ । यहाँ छनौट गरिएका सामुदायिक विद्यालयहरूको शैक्षिक सत्र २०७० को विद्यार्थी विवरण प्रस्तुत गरिएको छ ।

तालिका २ :

भर्ना भएका विद्यार्थी विवरण

| क.सं. | विद्यालयको नाम | राई विद्यार्थी | | | गैरराई विद्यार्थी | | | जम्मा विद्यार्थी |
|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | |
| १. | सरस्वती नि.मा.वि.बुम्लिङटार | २९ | २९ | ५८ | २६ | ३० | ५६ | ११४ |
| २. | सिंहमालिका प्रा.वि.काम्लेटार | ५५ | ६१ | ११६ | १३ | ९ | २२ | १३८ |
| ३. | वीरेन्द्र उ.मा.वि. कुलुङ | ३२ | ३० | ६२ | २६ | २४ | ५० | ११२ |
| ४. | हिमालचरी प्रा.वि.मुलगाँउ | २७ | २० | ४७ | १० | ११ | २१ | ६८ |
| जम्मा | | १४३ | १४० | २८३ | ७५ | ७४ | १४९ | ४३२ |
| प्रतिशत | | | | ६५.५१ | | | ३४.४९ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

प्रस्तुत तालिकामा हेर्दा कुलुङ गा.वि.स.मा रहेका १३ मध्ये छनौटमा परेका ४ वटा विद्यालयको प्रा.वि. तहमा जम्मा ४३२ जना विद्यार्थी मध्ये राई विद्यार्थी २८३ जना ६५.५१% रहेका छन् । भने गैर राईको संख्या १४९ अथवा ३४.४९% रहेको छ । छात्रा सहभागिताको कुरा गर्दा राई छात्रा १४३ जना  र गैर राई छात्रा ७५ जना तथा छात्रहरूमा राई छात्र १४०

जना  र गैर राई छात्र ७४ जना रहेको छ । यस प्रकार प्रस्तुत तथ्याङ्कले के देखाउँछ भने कुलुङ गा.वि.स. मा गैरराईको तुलनामा राई विद्यार्थीको संख्या बढी छ । केही राईहरू अर्थिक रूपमा कमजोर रहेका छन् । उनीहरू भोको पेट र नाङ्गो आङ लिएर विद्यालय जान सक्दैनन् ।

## ४.२.२ प्राथमिक उमेर समूहका राई बालबालिकाहरू

शिक्षा नियमावली २०५९ को आठौं संशोधन २०६३ ले नेपालमा प्राथमिक तहमा अध्ययन गर्ने बालबालिकाको उमेर ५-९ वर्षलाई भनेको छ । अध्ययन कार्यको सिलसिलामा सेवा क्षेत्र भित्र रहेका छनौटमा परेका विद्यालय क्षेत्र भित्रका ५ देखि ९ वर्षका जम्मा राई बालबालिका संख्या, त्यसमध्ये विद्यालय जाने र नजाने बालबालिकाको संख्या ५ देखि ९ वर्ष र ९ वर्ष माथिका तर विद्यालयमा अध्ययन गर्ने राई बालबालिकाको संख्या तल प्रस्तुत गरिएको छ :

तालिका नं. ३

प्राथमिक विद्यालय उमेरका राई बालबालिकाको स्थिति

| विवरण | बालबालिकाहरू | | | |
|---|---|---|---|---|
| | बालक | बालिका | जम्मा | प्रतिशत |
| ५ देखि ९ वर्ष उमेरका जम्मा | १०४ | ११६ | २२० | ७७.७३ |
| ५ देखि ९ वर्षका विद्यालय नजाने | ९ | १७ | २६ | ११.८१ |
| ५ देखि ९ वर्षका विद्यालय जाने | ९५ | ९९ | १९४ | ८८.१८ |
| ९ वर्ष माथीका विद्यालय जाने | ४५ | ४४ | ८९ | ३१.४५ |

स्रोत : स्थलगत सर्वेक्षण २०७०

प्रस्तुत तालिकामा जम्मा केटाकेटी ३०९ मध्ये विद्यालय जाने विद्यार्थी संख्या जम्मा २८३ जना देखिन्छन् जसमध्ये छात्र १४० र छात्रा १४३ जना देखिन्छ । जसमध्ये ५ देखि ९ वर्षका विद्यालय जाने छात्र ९५ र छात्रा ९९ र ९ वर्ष माथिका छात्र ४५ र छात्रा ४४ गरी जम्मा

८९ जना देखिन्छन् । यस तथ्याङ्कबाट के देखिन्छ भने ५ देखि ९ वर्ष उमेर समुहका २६ जना केटाकेटी अर्थात् ११.८१% बालबालिकाहरू विद्यालय परिसरबाट बाहिरै रहेका छन् ।

### ४.२.३ अध्ययन क्षेत्रका प्राथमिक विद्यालयमा राई विद्यार्थीहरूको उत्तिर्ण संख्या विवरण

प्राथमिक विद्यालयमा भर्ना भएका राई र गैरराई विद्यार्थीहरू सबै उत्तीर्ण  हुँदैनन् । केही विद्यार्थीहरूले मात्र कक्षा चढ्ने गरेका छन् । यो समस्या जहाँ पनि हुने गर्दछ । तर अहिले आएर निरन्तर मूल्याङ्कन प्रणालीद्वारा उदार कक्षोन्नति नीति अपनाएको पाइन्छ । यसले विद्यार्थीको उत्तिर्णदर केही उच्च देखिएको छ ।

यस अगाडी अध्ययन सिमामा तोकिए बमोजिमका विद्यालयहरूको २०६८ देखि २०७० सालसम्मको राई तथा गैर राई विद्यार्थीहरूको उत्तिर्ण अवस्था बारेमा प्राप्त तथ्याङ्कको आधारमा व्याख्या, विश्लेषण गरिएको छ :

तालिका ४

२०६८ सालमा उत्तिर्ण विद्यार्थी संख्या र प्रतिशत

| कक्षा | विवरण | राई वि.सं. | उत्तीर्ण | | गैर राई वि.सं. | उत्तीर्ण | |
|---|---|---|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत | | संख्या | प्रतिशत |
| १ | छात्र | ३४ | २१ | ६१.७६ | २१ | १६ | ७६.१९ |
| | छात्रा | ३४ | २० | ५८.८२ | १७ | १३ | ७६.४७ |
| | जम्मा | ६८ | ४१ | ६०.२९ | ३८ | २९ | ७६.३१ |
| २ | छात्र | ३१ | २० | ६४.५१ | १२ | १० | ८३.३३ |
| | छात्रा | २३ | १५ | ६५.२१ | १२ | ९ | ७५ |
| | जम्मा | ५४ | ३५ | ६४.८१ | २४ | १९ | ७९.१७ |
| ३ | छात्र | २४ | १४ | ५८.३३ | १४ | १२ | ८५.७१ |
| | छात्रा | २१ | १२ | ५७.१४ | १३ | १० | ७६.९२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | जम्मा | ४५ | २६ | ५७.७८ | २७ | २२ | ८१.४८ |
| ४ | छात्र | २७ | १६ | ५९.२६ | १३ | ११ | ८४.६१ |
| | छात्रा | २५ | १५ | ६० | १५ | १२ | ८० |
| | जम्मा | ५२ | ३१ | ५९.६१ | २८ | २३ | ८२.१४ |
| ५ | छात्र | २३ | १४ | ६०.८७ | १६ | १४ | ८७.५ |
| | छात्रा | २४ | १४ | ५८.३३ | १७ | १३ | ७६.४७ |
| | जम्मा | ४७ | २८ | ५९.५७ | ३३ | २७ | ८१.८२ |
| जम्मा | छात्र | १३९ | ८५ | ६१.१५ | ७६ | ६३ | ८२.२९ |
| | छात्रा | १२७ | ७६ | ५९.८४ | ७४ | ५७ | ७७.०२ |
| | जम्मा | २६६ | १६१ | ६०.५२ | १५० | १२० | ८० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

प्रस्तुत तालिकामा २०६८ सालको अध्ययन क्षेत्रका ४ वटा विद्यालयको कक्षा चढ्ने राई र गैर राई विद्यार्थी संख्या र प्रतिशत हेर्दा कक्षा १ देखि ५ सम्म जम्मा राई विद्यार्थी संख्या २६६ मध्ये १६१ जना (६०.५२ %) उत्तीर्ण देखिन्छन् । जसमा छात्रा भन्दा छात्र उत्तीर्ण प्रतिशत बढी देखिन्छ ।

त्यसै गरी कक्षा १ देखि ५ सम्म गैर राई विद्यार्थी संख्या १५० मध्ये १२० जना ८०% उत्तीर्ण भएका छन् । जसमा छात्र ८२.२९% र छात्रा ७७.०२ % छ । विभिन्न कक्षाको तुलना गर्दा सबभन्दा बढी कक्षा ४ मा उत्तीर्ण भएका छन् भने सबैभन्दा कम कक्षा २ मा  देखिन्छन् ।

गैर राई अभिभावहरू चेतनाको दृष्टिकोणले राई अभिभावकहरूभन्दा आफ्ना बच्चाहरूको पढाइप्रति विशेष ध्यान दिने गरेको देखिन्छ । जसको प्रत्यक्ष असर उनीहरूका बालबालिकामा परेको पाइन्छ । यसप्रकार दुर्खाइमले भनेझैं चेतनाको कारण राई र गैर राईको तुलना गर्दा सबै कक्षामा राई विद्यार्थीको तुलनामा गैरराई विद्यार्थीको उत्तीर्णदर बढी देखिन्छ ।

माथिको तालिका अध्ययन गर्दा २०६८ सालमा कक्षा १ को तुलनामा कक्षा २ को उत्तीर्ण प्रतिशत बढी छ। कक्षा ३ मा कक्षा २ को तुलनामा कम छ। कक्षा ४ मा ३ को तुलनामा बढि देखिन्छ भने कक्षा ५ को उत्तीर्ण प्रतिशत कक्षा ४ को तुलनामा केही कम छ। राई विद्यार्थीको तुलनामा गैरराई विद्यार्थीहरूको उत्तीर्ण प्रतिशत सबै कक्षामा बढी छ। समग्रमा राई विद्यार्थीहरुको ६०.५२% छ भने गैरराई विद्यार्थीहरूको ८० % छ। वि.सं. २०६८ सालमा राई विद्यार्थीहरूको शैक्षिक उपलब्धि १९.४८% ले कमी भएको पाइयो।

वि.सं. २०६९ सालको ४ वटै विद्यालयको राई र गैर राई विद्यार्थीहरूको कूल संख्या, उत्तीर्ण संख्या तथा उत्तीर्ण प्रतिशत तलको तालिकामा देखाइएको छ :

तालिका ५

२०६९ सालमा परीक्षामा सामेल भएका विद्यार्थीहरुको उत्तिर्ण विवरण

| कक्षा | विवरण | राई वि.सं. | उत्तीर्ण संख्या | प्रतिशत | गैर राई वि.सं. | उत्तिर्ण संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | छात्र | २६ | १७ | ६५.३८ | १९ | १६ | ८४.२१ |
| | छात्रा | ३१ | १६ | ५१.६१ | २१ | १७ | ८०.९५ |
| | जम्मा | ५७ | ३३ | ५७.८९ | ४० | ३३ | ८२.५ |
| २ | छात्र | २९ | १७ | ५८.६२ | १३ | १० | ७६.९२ |
| | छात्रा | २३ | १४ | ६०.८७ | १४ | १२ | ८५.७१ |
| | जम्मा | ५२ | ३१ | ५९.६१ | २७ | २२ | ८१.४८ |
| ३ | छात्र | २३ | १४ | ६०.८७ | १६ | १३ | ८१.२५ |
| | छात्रा | १९ | १० | ५२.६३ | १५ | ११ | ७३.३३ |
| | जम्मा | ४२ | २४ | ५७.१४ | ३१ | २४ | ७७.४२ |
| ४ | छात्र | २८ | १७ | ६०.७१ | ११ | ९ | ८१.८२ |
| | छात्रा | २७ | १४ | ५१.८५ | १४ | ११ | ७८.५७ |
| | जम्मा | ५५ | ३१ | ५६.६३ | २५ | २० | ८० |
| ५ | छात्र | २३ | १४ | ६०.८७ | १७ | १३ | ७६.४७ |
| | छात्रा | २५ | १५ | ६० | १४ | ११ | ७८.५७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | जम्मा | ४८ | २९ | ६०.४१ | ३१ | २४ | ७७.४२ |
| जम्मा | छात्र | १२९ | ७९ | ६१.२४ | ७६ | ६१ | ८०.२६ |
| | छात्रा | १२५ | ६९ | ५५.२ | ७८ | ६२ | ७९.४९ |
| | जम्मा | २५४ | १४८ | ५८.२६ | १५४ | १२३ | ७९.८७ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

प्रस्तुत तालिकामा हेर्दा अध्ययन क्षेत्रका ४ वटै विद्यालयको २०६९ सालको जम्मा राई विद्यार्थी संख्या २५४ रहेकोमा १४८ जना अर्थात् (५८.२६%) मात्र उत्तिर्ण भएका छन् । जसमा छात्र ६१.२४% र छात्रा ( ५५.२%) उत्तिर्ण भएका छन् । छात्रा भन्दा छात्रहरुको उत्तिर्ण दर बढी छ । कक्षा १ को तुलनामा कक्षा २ को उत्तिर्ण प्रतिशत बढि छ भने २ को तुलनामा ३ को कम छ । ३ भन्दा ४ मा केही कम देखिन्छ र ५ मा बढी देखिन्छ । अर्थात् नतिजामा कक्षागत रूपमा घटबढ देखिन्छ ।

अध्ययन क्षेत्रका जम्मा गैर राई विद्यार्थी संख्या १५४ मध्ये १२३ जना अर्थात् (८९.८७%) उत्तिर्ण देखिन्छ । त्यसमा छात्र भन्दा छात्राको उत्तिर्णदर बढि देखिन्छ । कक्षागत रूपमा हेर्दा गैर राईहरूमा पनि उत्तिर्ण दर घटबढ देखिन्छ । समग्रमा २०६९ सालको नतिजा विश्लेषण गर्दा कक्षा १-५ सम्म नै राई विद्यार्थीको तुलनामा गैर राई विद्यार्थीको उत्तिर्णदर सबै कक्षाहरूमा बढी देखिन्छ । राईहरू आर्थिक कारणले गर्दा आफ्ना बालबालिकालाई आवश्यक शैक्षिक सामग्री, अतिरिक्त पढ्ने वातावरणको व्यवस्था गर्न सक्दैनन् । जसले गर्दा मार्क्सले भनेझै आर्थिक कारणले उनीहरूको पढाइलाई प्रत्यक्ष असर पुऱ्याइरहेको हुन्छ । यसबाट गैर राईको भन्दा राईको शैक्षिक उपलब्धि न्यून देखिन्छ र यसले कमजोर शैक्षिक अवस्थाको संकेत गर्दछ ।

माथिको तालिका अध्ययन गर्दा गैर राईको पनि कक्षा १ को तुलनामा कक्षा २ को उत्तिर्ण प्रतिशत कम छ भने २ को तुलनामा ३ कक्षाको उत्तिर्ण प्रतिशत केही कम छ । त्यस्तै ३ भन्दा ४ को बढी र ४ भन्दा ५ को उत्तिर्ण प्रतिशत कम देखिन्छ ।

राई विद्यार्थीको तुलनामा गैर राई विद्यार्थीहरूको उत्तिर्ण कक्षा १-५ सम्म नै बढि देखिन्छ । समग्रमा १-५ कक्षासम्मको उत्तिर्ण प्रतिशत राई विद्यार्थीहरूको औषत ५८.२६ रहेको छ भने गैर राईहरूको ७९.८७ रहेको छ । यस वर्ष राईको भन्दा गैर राईको उत्तिर्ण प्रतिशत २१.६१ ले बढि छ । यसबाट के थाहा हुन्छ भने राई विद्यार्थीहरूको शैक्षिक उपलब्धि गैर राई विद्यार्थीको तुलनामा कमी देखिनुले राईहरूको शैक्षिक अवस्था न्यून रहेको देखिन्छ ।

वि.सं. २०७० सालको ४ वटै विद्यालयको राई तथा गैर राई विद्यार्थीहरूको कूल संख्या र उत्तिर्ण संख्या तथा प्रतिशत निम्न तालिकामा देखाइएको छ ।

तालिका ६

२०७० सालमा परीक्षामा सामेल भएका विद्यार्थीहरुको उत्तिर्ण विवरण

| कक्षा | विवरण | राई वि.सं. | उत्तीर्ण संख्या | प्रतिशत | गैर राई वि.सं. | उत्तिर्ण संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | छात्र | २४ | १४ | ५८.३३ | २० | १४ | ७० |
| | छात्रा | ३३ | २० | ६०.६१ | १९ | १६ | ८४.२१ |
| | जम्मा | ५७ | ३४ | ५९.६४ | ३९ | ३० | ७६.९२ |
| २ | छात्र | ३३ | २१ | ६३.६४ | ९ | ७ | ७७.७८ |
| | छात्रा | २७ | १६ | ५९.२६ | १२ | ९ | ७५ |
| | जम्मा | ६० | ३७ | ६१.६७ | २१ | १६ | ७६.१९ |
| ३ | छात्र | २६ | १८ | ६९.२३ | १४ | ११ | ७८.५७ |
| | छात्रा | १९ | ११ | ५७.८९ | १३ | १० | ७६.९२ |
| | जम्मा | ४५ | २९ | ६४.४४ | २७ | २१ | ७७.७८ |
| ४ | छात्र | ३१ | २० | ६४.५१ | १२ | ९ | ७५ |
| | छात्रा | ३० | १८ | ६० | १९ | १४ | ७३.६८ |
| | जम्मा | ६१ | ३८ | ६२.२९ | ३१ | २३ | ७४.१९ |
| ५ | छात्र | १९ | १२ | ६३.१६ | १७ | १४ | ८२.३५ |
| | छात्रा | २५ | १४ | ५६ | ११ | ९ | ८१.८२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | जम्मा | ४४ | २६ | ५९.०९ | २८ | २३ | ८२.१४ |
| जम्मा | छात्र | १३३ | ८५ | ६३.९० | ७२ | ५५ | ७६.३९ |
| | छात्रा | १३४ | ७९ | ५८.९५ | ७४ | ५८ | ७८.३८ |
| | जम्मा | २६७ | १६४ | ६१.४२ | १४६ | ११३ | ७७.४ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१

प्रस्तुत तालिकामा हेर्दा कक्षा १ देखि ५ सम्म जम्मा राई विद्यार्थी संख्या २ जना मध्ये परीक्षामा उत्तीर्ण संख्या १६४ अर्थात् ६१.४२ % देखिन्छ । यसमध्ये छात्र ६३.९% र छात्रा ५८.९५% देखिन्छ । कक्षागत रुपमा हेर्दा कक्षा १ मा भन्दा कक्षा २ मा उत्तीर्ण प्रतिशत बढी देखिन्छ भने २ मा भन्दा ३ मा यो उत्तीर्ण दर अझ बढि देखिन्छ । ३ को तुलनामा कक्षा ४ मा केही कम देखिन्छ भने ४ मा भन्दा ५ मा यो उत्तीर्ण दर अझ घटेको देखिन्छ । यसप्रकार राईहरू जति माथिल्लो कक्षामा चढ्दै त्यति नै उनीहरूको पढाई स्तर पनि घट्दै गएको स्थिति तथ्याङ्कले देखाउँछ । यसो हुनुमा घरायसी, पारिवारीक स्थिति, सामाजिक कु-संस्कार, राम्रो पथ प्रदर्शकको अभाव आदि प्रमुख कारणहरू देखिन्छन् ।

यसैगरी कक्षा १ देखि ५ सम्मको गैर राई विद्यार्थी संख्या १४६ जना मध्ये परिक्षामा ११३ जना उत्तिर्ण देखिन्छन् । प्रतिशतमा हेर्दा कूल ७७.४% उत्तिर्ण देखिन्छन् जसमा छात्र ७६.३९ र छात्रा ७८.३८% उत्तिर्ण भएका छन् । यसबाट राई भन्दा गैर राई विद्यार्थी बढि उत्तिर्ण भएको तथ्याङ्कले देखाउँछ । कक्षागत रूपमा हेर्दा कक्षा १ मा भन्दा २ मा उत्तिर्ण दर कम छ भने २ मा भन्दा ३ मा केही बढी छ । त्यस्तै ३ मा भन्दा ४ मा उत्तिर्ण दर घटेको देखिन्छ भने ४ मा भन्दा ५ मा उत्तीर्ण दर बढी देखिन्छ । यसरी नतिजामा कक्षागतरुपमा घटबढ देखिन्छ ।

गैर राई अभिभावकहरू तुलनात्मक रूपमा आफ्ना बच्चाहरूको पढाइप्रति समयसमयमा विद्यालयमा पुगेर आवश्यक जानकारी लिने गरेको पाइन्छ तर राईहरूमा यस्तो जानकारी लिने गरेको पाइदैन । त्यसैगरी गैर राई अभिभावक र राई अभिभावकको आर्थिक भिन्नताको प्रभाव उनीहरूका बालबच्चाहरूमा समेत परेको देखिन्छ । समग्रमा मार्क्सले भनेझैं आर्थिक

कारण र दुर्खाइमले भनेझैँ चेतनाको कारण गैरराई विद्यार्थीको तुलनामा राई विद्यार्थीहरूको उत्तिर्णदर सबै कक्षामा कमी देखिन्छ ।

माथिको तालिका अध्ययन गर्दा के स्पष्ट हुन्छ भने राई विद्यार्थीहरूको उत्तिर्ण प्रतिशत गैर राई विद्यार्थीहरूको उत्तिर्ण प्रतिशत भन्दा १५.९८ प्रतिशतले कम छ ।

माथिको तालिकाअनुसार विगत तीनवर्षको नतिजा विश्लेषण गर्दा २०६८ मा राई र गैर राई बीचको उत्तिर्ण प्रतिशतमा १९.४८% को अन्तर थियो अर्थात् १९.४८% गैर राई बढी उत्तिर्ण भएका थिए । त्यस्तै २०६९ मा गैर राई भन्दा राईको उत्तिर्ण प्रतिशत २१.६१% ले न्यून रहेको देखियो भने २०७० मा राईको उत्तिर्ण प्रतिशत १५.९८% ले कमी पाइयो । विद्यालयमा अध्ययन गर्ने राई विद्यार्थीहरू आवश्यक पर्ने शैक्षिक सामग्री समयमा किन्न सक्दैनन् । उनीहरूको घरमा पढाइको लागि उपयुक्त वातावरण पनि छैन । त्यसैले मार्क्सकाअनुसार  आर्थिक कारण र दुर्खाइमकाअनुसार चेतनाको कारण गत तीनवर्षको नतिजा हेर्दा हरेक वर्ष राईहरूको उत्तिर्णदर न्यून रहेको देखिन्छ ।

### ४.२.४ विद्यार्थीहरूको विद्यालय उपस्थिति

राई तथा गैर राई विद्यार्थीहरूको शैक्षिक सत्र २०६८ सालको विद्यालय उपस्थिति पत्ता लगाउन विद्यालयको हाजिरी अभिलेखको आधारमा अध्ययन क्षेत्रका प्रत्येक विद्यालयको कक्षागत मासिक उपस्थिति जोडी औषत निकालियो ।

विद्यालय खोल्नुपर्ने दिन कम्तिमा २२० तोकिएको (शिक्षा नियमावली, २०४९) भए तापनि अध्ययन क्षेत्रका विद्यालयमा भने कम्तिमा १७४ दिन र बढिमा १९९ दिन विद्यालय खुलेको पाइयो । जुन औषतमा १९१ दिन हुन आउँछ । शिक्षा नियमावली अनुसार विद्यालय खुल्ने र पढाई हुने दिन २२० तोकिए तापनि ती विद्यालयहरूमा विद्यालय खुल्ने र पढाई हुने दिनमा एकरूपता पाइएन । सो सम्बन्धमा प्र.अ. एवं शिक्षकहरूसँग प्रतिक्रिया लिँदा समय-समयमा हुने बन्द, हड्तालको असर, समाजका गन्यमान्य व्यक्तिको निधन, स्थानीय चाडपर्व तथा सामाजिक सांस्कृतिक संस्कारका कारणहरूले गर्दा हुने विदा जस्ता कुराहरूले विद्यालय खुल्ने

दिन र विद्यालय पढाई हुने दिनमा असर पारेको भन्ने जानकारी पाइयो । यसैगरी विद्यालय खुल्ने दिन र पढाई हुने दिन अन्तर देखिनुमा शिक्षकले बन्द हड्तालको बेलामा पनि हाजिर गर्ने र उत्तर पुस्तिका परिक्षणको समयमा पनि विद्यालय खोल्नेजस्ता प्रतिक्रिया पाइयो ।

अध्ययन क्षेत्रका प्राथमिक तहमा अध्ययन गर्ने राई र गैर राई विद्यार्थीहरूको २०७० सालको विद्यालय उपस्थिति अवस्था निम्नानुसार रहेको छ :

तालिका ७

विद्यार्थीहरूको औषत वार्षिक उपस्थितिको अवस्था

| कक्षा | राई विद्यार्थी | | | | गैर राई विद्यार्थी | | | |
|---|---|---|---|---|---|---|---|---|
| | छात्र | | छात्रा | | छात्र | | छात्रा | |
| | दिन संख्या | प्रतिशत | दिन संख्या | प्रतिशत | दिन संख्या | प्रतिशत | दिन संख्या | प्रतिशत |
| १ | १५२ | ७९.५८ | १४६ | ७६.४३ | १६५ | ८६.३८ | १५८ | ८२.७२ |
| २ | १४७ | ७६.९६ | १४३ | ७४.८६ | १५९ | ८३.२४ | १५२ | ७९.५८ |
| ३ | १४६ | ७६.४३ | १३६ | ७१.२ | १६१ | ८४.२९ | १५५ | ८१.१५ |
| ४ | १४० | ७३.२९ | १२९ | ६७.५३ | १६१ | ८४.२९ | १४९ | ७८.०१ |
| ५ | १३४ | ७०.१५ | १२८ | ६७.०१ | १५६ | ८१.६७ | १५४ | ८०.६२ |

स्रोत : विद्यालय सर्वेक्षण, २०७१

माथिको तालिकाको अध्ययन गर्दा कक्षागत रूपमा राई र गैर राई छात्रछात्राको उपस्थिति औषत दिनमा हेर्दा गैरराईको उपस्थिति प्रतिशत बढ्दो क्रममा देखिन्छ । जसअनुसार राई छात्रको सबभन्दा बढि उपस्थिति ७९.५८% १ कक्षामा देखिन्छ भने राई छात्राको सबभन्दा बढि उपस्थिति ७६.४३% कक्षा १ मै देखिन्छ । गैर राई छात्रछात्राको पनि अन्य कक्षाको तुलनामा कक्षा १ मा उपस्थिति बढि देखिन्छ ।

प्रत्येक कक्षामा गैर राई छात्र र छात्राको उपस्थितिको तुलनामा राई छात्र र छात्राको उपस्थिति कम देखिन्छ। यसैगरी राई र गैर राई दुबै समूहमा छात्रभन्दा छात्राको उपस्थिति कम देखिन्छ। गैर राई विद्यार्थीको तुलनामा राई विद्यार्थीको विद्यालयमा उपस्थिति कम हुनुको कारणबारे विद्यालयमा अध्यापनरत शिक्षक र विद्यार्थीका अभिभावकसँग छलफल गर्दा शैक्षिक चेतनाको कमी, परम्परागत कार्यको अनुसरण, आर्थिक स्थिति कमजोर, जीविकोपार्जनको लागि ज्याला, मजदुरी गर्नुपर्ने, काममा जाँदा छोराछोरीलाई घर बसाल्ने परिपाटी रहेको बुझियो।

### ४.२.५ राई विद्यार्थीहरूको कक्षाकोठा क्रियाकलापमा सहभागिता

अध्ययन क्षेत्रका राई विद्यार्थीहरूको कक्षाकोठा क्रियाकलापमा कस्तो सहभागिता छ ? भन्ने जानकारी लिन अवलोकन फाराम प्रयोग गरिएको थियो। अवलोकन कार्य ४ वटा सामुदायिक विद्यालयका ४ जना प्र.अ. र ४ जना शिक्षक गरी ८ जनालाई उपलब्ध गराइएको थियो। यसको प्रतिक्रिया तलको तालिकावाट हेर्न सकिन्छ।

तालिका ८

विद्यार्थीको कक्षाकोठा क्रियाकलापमा सहभागिता

| सि. नं. | विद्यार्थी क्रियाकलाप | प्र.अ. र शिक्षकको धारणा | | | |
|---|---|---|---|---|---|
| | | राई विद्यार्थी बारे उत्तरदाता | | गैर राई विद्यार्थी बारे उत्तरदाता | |
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | कक्षामा ध्यान दिएर सुन्छ। | ३ | ३७.५ | ५ | ६२.५ |
| २ | विषयसँग सान्दर्भिक प्रश्न सोध्छ। | २ | २५ | ६ | ७५ |
| ३ | शिक्षकले सोधेको प्रश्नको उत्तर दिन्छ | २ | २५ | ६ | ७५ |
| ४ | छलफलमा सहभागी हुन्छ। | २ | २५ | ६ | ७५ |
| ५ | शिक्षकले दिएको अर्ति उपदेश पालना गर्छ। | ४ | ५० | ४ | ५० |
| ६ | कक्षा कार्य गर्छ। | ३ | ३७.५ | ५ | ६२.५ |
| ७ | गृहकार्य गरेर ल्याउँछ। | २ | २५ | ६ | ७५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | अरु विद्यार्थीसँग बस्छ । | ६ | ७५ | २ | २५ |
| ९ | कापीकलम लिएर स्कूल आउँछ । | ४ | ५० | ४ | ५० |
| १० | समयमा स्कूल आउँछ । | ३ | ३७.५ | ५ | ६२.५ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९

माथिको तालिकामा हेर्दा कक्षामा ध्यान दिएर सुन्छ भन्नेमा राईको पक्षमा जम्मा ३७.५% प्र.अ. र शिक्षक सहमत देखिए भने गैर राईको पक्षमा ६२.५% सहमत देखिए । त्यस्तै विषयसँग सान्दर्भिक प्रश्न सोध्छ भन्नेमा राईको पक्षमा २५ र गैर राईको पक्षमा ७५ प्रतिशत सहमती पाइयो । शिक्षकले सोधेको प्रश्नको उत्तर दिन्छ भन्ने तर्कमा राईको पक्षमा २५ र गैर राईको पक्षमा ७५ प्रतिशत सहमती पाइयो । छलफलमा सहभागी हुन्छ भन्नेमा राईको पक्षमा जम्मा २५% प्र.अ. र शिक्षक सहमत देखिए भने गैर राईको पक्षमा ७५% सहमत देखिए । शिक्षकले दिएको अर्ति पालन गर्छ भन्नेमा राईको पक्षमा जम्मा ५०% प्र.अ. र शिक्षक सहमत देखिए भने गैर राईको पक्षमा ५०% सहमत देखिए । कक्षाकार्य गर्छ भन्ने विषयमा राईको पक्षमा ३७.५ र गैर राईको पक्षमा ६२.५ प्रतिशत सहमती पाइयो । गृहकार्य गर्ने विषयमा राखिएको जिज्ञासामा राईको पक्षमा २५ र गैर राईको पक्षमा ७५ प्रतिशत सहमती पाइयो । अरु विद्यार्थीसँग बस्छ भन्नेमा राईको पक्षमा ७५ र गैर राईको पक्षमा २५ प्रतिशत सहमती पाइयो । कापीकलम लिएर स्कूल आउँछ भन्ने विषयमा राईको पक्षमा ५० र गैर राईको पक्षमा ५० प्रतिशत सहमती पाइयो र समयमै स्कूल आउँछ भन्ने विषयमा राईको पक्षमा ३७.५ र गैर राईको पक्षमा ६२.५ प्रतिशत सहमती पाइयो ।

यसरी अवलोकन फारमको प्राप्तिलाई एकिकृत गर्दा ३८.७५% मात्र राईको पक्षमा र ६१.२५% सहमति गैर राईको पक्षमा देखियो । यसले के प्रष्ट पार्छ भने कक्षा कृयाकलापमा राईको सहभागिता न्यून रहेको छ । अवलोकनको साथसाथै राई र गैर राई विद्यार्थीका क्रियाकलापबारे जानकारी प्राप्त गर्न समूह छलफल, अन्तरक्रिया तथा सर्वेक्षण र व्यक्तिगत भेटघाट समेत गर्दा पनि राईहरूको शैक्षिक अवस्था उपलब्धिमूलक नभएको कुरा जानकारी पाइयो । स्थलगत सर्वेक्षणको क्रममा २०७० सालमा अध्ययनको लागि छनोट भएका ४ वटै विद्यालयहरूको विद्यालय उपस्थिति एकैपटक लिँदा निम्न अवस्था देखा पऱ्यो ।

तालिका ९

विद्यार्थीहरूको उपस्थिति

| क्र. सं. | विवरण | राई विद्यार्थी | | गैर राई विद्यार्थी | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | | |
| १ | विद्यार्थी संख्या | २८३ | ६५.५१ | १४९ | ३४.४९ | ४३२ | १०० |
| २ | उपस्थित संख्या | २१५ | ७५.९७ | २३५ | ९०.६० | ३५० | ८१.०२ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१

माथिको तालिकालाई हेर्दा अवलोकन गरिएको जम्मा २० वटा कक्षाकोठामा राई र गैर राई विद्यार्थीको जम्मा संख्या ४३२ देखिए तापनि २०७० चैत्र २ गते सबै विद्यालयमा एकैपटक अवलोकन गर्दा उक्त दिनमा ८१.०२% विद्यार्थीहरूको मात्र कक्षामा उपस्थिति पाइयो भने गैर राई विद्यार्थीहरूको ९०.६० प्रतिशत र राई विद्यार्थीहरूको उपस्थिति ७५.९७% पाइयो । यसबाट के प्रष्ट हुन्छ भने राईको तुलनामा गैर राई विद्यार्थीहरू बढि मात्रामा उपस्थित हुने गर्दछन् ।

गैर राई विद्यार्थीको तुलनामा राई विद्यार्थीहरूको विद्यालय उपस्थिति कम देखियो । यसैप्रकार राई विद्यार्थीले पढाइप्रति कम ध्यान दिएको देखियो । तुलनात्मक रुपमा गैर राई विद्यार्थीले भने पढाईप्रति रुचि राखेको पाइयो । जसले गर्दा गैर राई विद्यार्थीहरू कक्षामा शिक्षकले पढाउँदा विषय वस्तुप्रति ध्यान दिएको पाइयो । राई विद्यार्थीहरू एक आपसमा चल्ने, कुरा गर्ने, पछाडि बस्ने हुँदा पनि पढाईप्रति खासै रुचि नराखेको अवलोकनको क्रममा देखियो ।

अवलोकनको क्रममा ७५% राई विद्यार्थीहरू कक्षाकोठामा पछाडि बसेको पाइयो । सो सम्बन्धमा शिक्षकहरूसँग सोधपुछ गर्दा राई विद्यार्थीहरूमा आफूहरू पढाइमा कमजोर हुनाले र शिक्षकले अगाडि बस्नेलाई बढि सोध्ने हुँदा पछाडि बस्ने, शिक्षकको नजरमा कम परिने र पछाडि बसे हल्ला गर्न र चल्न पाइने भन्ने धारणाबाट ग्रसित भएकोजस्तो प्रतिक्रिया पाइयो।

राई विद्यार्थीहरूले कक्षा कोठामा छलफलमा सक्रिय सहभागी नहुने, प्रश्न पनि नसोध्ने र शिक्षकले सोधेका प्रश्नको उत्तर कम दिने गरेको पाइयो । तुलनात्मक रूपमा गैर राई विद्यार्थीहरू भने कक्षाकोठामा हुने क्रियाकलाप, छलफल गर्दा ५०% विद्यार्थीहरूले शिक्षकसँग प्रश्न सोध्ने र उत्तर दिने साथै कक्षाकोठामा सहपाठीहरूसँग छलफल गर्न लाज मान्ने प्रतिक्रिया दिएभने बाँकी राई विद्यार्थीहरूले सो सम्बन्धमा कुनै प्रतिक्रिया दिएनन् ।

अवलोकनको क्रममा राई विद्यार्थीहरूतर्फ ३०% ले र गैर राई विद्यार्थीहरूतर्फ ६०% ले मात्र गृहकार्य तयार पारेको पाइयो । यसरी नै ३५% राई र ५०% गैर राई विद्यार्थीहरूले कक्षाकार्य गरेको पाइयो । गृहकार्य र कक्षाकार्य नगर्ने राई विद्यार्थीसँग छलफल गर्दा घरमा फुर्सद नपाएर, नजानेर, थाहै नपाएर र घरमा सिकाउने मान्छे नभएर भन्नेजस्ता प्रतिक्रिया पाइयो। राई विद्यार्थीहरूले आफ्नो सरसफाईमा खासै ध्यान दिएको पाइएन । लामा-लामा नङ, नाकमा सिंगान, मैला कपडा लगायतका दृश्य अवलोकनको क्रममा पाइयो । विद्यार्थी अवलोकनपछि शिक्षकहरूसँग छलफल गर्दा आमाबाबु र परिवारमा सरसफाई सम्बन्धी चेतना र ज्ञान नभएको, घरको वातावरण नै सरसफाईप्रति बेवासता गर्ने किसिमका जस्तैः साँघुरा घरगोठ नजिकै कुखुरा तथा सुँगुरका खोरहरु निर्माण गरिएको जाँडरक्सीको अधिक प्रयोग, शौचालय कम प्रयोग, कामले गर्दा फुर्सद नमिल्ने जस्ता प्रतिक्रिया पाइयो भने गैर राई समुदायमा चेतना र सामाजिक प्रभावले गर्दा आफ्ना छोराछोरीहरूलाई सरसफाईप्रति विशेष ध्यान दिइएको पाइयो ।

कक्षा कोठाभित्र गैर राई विद्यार्थीहरूको कारणले राई विद्यार्थीहरू अलग बस्नुपर्ने स्थिति भने देखिएन तर जति राई विद्यार्थीहरू पछाडि बस्ने गर्दछन् त्यती गैरराई विद्यार्थीहरूमा पाइएन । उनीहरू स्वेच्छाले पछाडि बसेको उनीहरूसँगको सोधपुछबाट थाहा पाइयो । राई र गैर राई विद्यार्थीहरू एउटै बेञ्चमा बसेर अध्ययनमा संलग्न भएको  पाइयो । यसैगरी कक्षा कोठाभित्र उनीहरू मिलिजुली बस्ने र अध्ययन गरेको समेत पाइयो ।

अवलोकनका क्रममा २०% राई विद्यार्थीहरू कापी, कलम बिना स्कुल आएको र विद्यालय समय भन्दा पनि केही ढिलो आएको पाइयो । यसबारेमा विद्यालयमा शिक्षकहरूसँग छलफल गर्दा गरिवीको कारणले समयमा कापी, कलम, विद्यालय पोसाक किन्न अभिभावकले नसक्ने,

परिश्रम गरेर कमाएको पैसाले पेट पाल्न समेत नपुग हुनेजस्ता प्रतिकृया पाइयो । जसले गर्दा उनीहरू विद्यालय ढिलो आउने, कहिले त विद्यालयमा नै नपुगी घर फर्कनेजस्ता प्रतिकृया समेत पाइयो । प्रायः न्यून आय भएका, चेतनाका कमी भएका राई समुदायका केटाकेटीमा यस्तो स्थिति देखियो । राई समुदायभित्र पनि केही सम्पन्न परिवारले आफ्नो छोराछोरीलाई निजी विद्यालयमा पढाएको पाइयो । अर्को तर्फ ९५% गैरराई विद्यार्थीहरू भने कापी, कलम लिएर समयमा नै विद्यालय आएको अवलोकनको क्रममा देखियो । गैर राई समुदायमा पनि ब्राह्मण र क्षेत्रीको तुलनामा दलित केटाकेटीहरूको स्थिति भने राई समुदायका केटाकेटीहरू भन्दा पनि कमजोर पाइयो । यसबारेमा शिक्षकसँग छलफल गर्दा ब्राह्मण क्षेत्रीहरू न्यून आय स्तरका भए पनि उनीहरूका अभिभावकले आफ्ना छोराछोरीलाई समयानुकुल उचित शिक्षा दिनुपर्छ भन्ने सकारात्मक दृष्टिकोण राखेको कुरा बताए । अतिरिक्त क्रियाकलापमा रुची सम्बन्धमा विद्यालयमा राई विद्यार्थीहरूले गैर राई विद्यार्थी सरह नै उत्सुकता पूर्वक भाग लिएको पाइयो । यसमा पनि बौद्धिक क्रियाकलापको तुलनामा शारीरिक क्रियाकलापहरू जस्तै : नाचगान, दौडने, उफ्रने, भलिवल जस्ता खेलकुद कार्यमा बढी रुचि राखेको पाइयो ।

## ४.३ राई बालबालिकाको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वहरू

बालबालिकाको वंशाणुगत गुण, वातावरणीय प्रभाव, सामाजिक र सांस्कृतिक परिवेश, घर परिवार, साथी समूह, आर्थिक अवस्था, राजनैतिक अवस्था कक्षा व्यवस्थापन आदिले प्रत्यक्ष प्रभाव पार्दछ । बालबालिकालाई प्रभाव पार्ने तत्वहरूलाई दुई भागमा विभाजन गर्न सकिन्छ :

१. आन्तरिक तत्व

   यस अन्तर्गत पारिवारिक संरचना, वंशाणुगत गुण, अन्तरदृष्टि सिकाई क्षमता, रूचि चाहना क्षमता आदि पर्दछन् ।

२. बाह्य तत्व

   यस अन्तर्गत कक्षाकोठा, शिक्षक, संगत, आर्थिक, भौतिक पक्ष, राजनैतिक अवस्था, धार्मिक सांस्कृतिक, भाषा आदी पर्दछन् ।

सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरूलाई विद्यालयसँग सम्बन्धित तत्वहरू सामाजिक तत्वहरू, पारिवारिक तत्व, आर्थिक तत्व, राजनैतिक तत्वहरूले प्रभाव पारेको पाइयो । जसलाई तलको तालिकाबाट प्रष्ट पारिएको छ :

तालिका १०

राईहरूको शैक्षिक उपलब्धि न्यून हुनुमा प्रभाव पार्ने तत्वहरू

| क्र.सं. | विवरण | प्र.अ. (४) | शिक्षक (४) | वि.व्य.स. अध्यक्ष (४) | अभिभावक (८) | विद्यार्थी (४०) | स्रोत व्यक्ति (१) |
|---|---|---|---|---|---|---|---|
| १ | आर्थिक अभाव | २ (५०%) | २ (५०%) | २ (५०%) | ४ (५०%) | २२ (५५%) | - |
| २ | चेतनाको कमी | १ (२५%) | १ (२५%) | २ (५०%) | ३ (३७.५) | ८ (२०) | १ (१००%) |
| ३ | ठूलो परिवार | १ (२५%) | १ (२५%) | - | २ (२५%) | ६ (१५%) | - |
| ४ | मातृभाषामा शिक्षण नहुनु | - | १ (२५%) | २ (२५%) | २ (२५%) | ६ (१५%) | - |
| ५ | रोजगारी नपाइनु | - | - | १ (२५%) | १ (१२.५%) | ४ (१०%) | - |
| ६ | सांस्कृतिक प्रभाव | - | २ (५०%) | - | - | - | - |
| ७ | राजनैतिक प्रभाव | - | - | - | ४ (५०%) | - | - |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

माथिको तालिका अनुसार राई विद्यार्थीको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वहरूका सम्बन्धमा देखिएका समस्याहरू सरोकारवालाहरू (प्र.अ., वि.व्य.स. अध्यक्ष, शिक्षक,

स्रोतव्यक्ति, अभिभावक र विद्यार्थीले व्यक्त गरेका धारणालाई निम्नानुसार प्राथमिकता क्रममा प्रस्तुत गरिएको छ :

१. आर्थिक अभाव

राई विद्यार्थीको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वमा देखिएका समस्याहरू सम्बन्धमा नमूना विद्यालयहरूका ५०% प्र.अ.हरू, ५०% शिक्षकहरू, ५०% वि.व्य.स. अध्यक्षहरू, ५०% अभिभावक तथा ५५% विद्यार्थीहरू सहमत भएको पाइयो । यसरी हेर्दा मार्क्सको सिद्धान्त जस्तै आर्थिक अवस्थाले शैक्षिक उपलब्धिमा प्रभाव पार्ने देखियो ।

२. चेतनाको कमी

राई विद्यार्थीको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वमा देखिएका समस्याहरू सम्बन्धमा नमूना विद्यालयहरूका २५% प्र.अ.हरू,२५% शिक्षक,५०% वि.व्य.स. अध्यक्ष, ३७.५% अभिभावक, २०% विद्यार्थीहरू र स्रोतव्यक्ति १००% सहमत भएको पाइयो । यसरी हेर्दा दुर्खाइमका अनुसार चेतनाको कमीबाट शैक्षिक उपलब्धिमा प्रभाव पर्ने देखियो ।

३. ठूलो परिवार

राई विद्यार्थीको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वमा देखिएका समस्याहरू सम्बन्धमा नमूना विद्यालयहरूका २५% प्र.अ.हरू, २५% शिक्षकहरू, २५% अभिभावक तथा २५% विद्यार्थीहरू सहमत भएको पाइयो ।

४. मातृभाषामा शिक्षण नहुनु

राई विद्यार्थीको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वमा देखिएका समस्याहरू सम्बन्धमा नमूना विद्यालयहरूका २५% शिक्षकहरू, २५% वि.व्य.स. अध्यक्षहरू, २५% अभिभावक तथा १५% विद्यार्थीहरू सहमत भएको पाइयो ।

५. रोजगारी नपाइनु

राई विद्यार्थीको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वमा देखिएका समस्याहरू सम्बन्धमा नमूना विद्यालयहरूका २५% वि.व्य.स. अध्यक्षहरू, १२.५% अभिभावक तथा १०% विद्यार्थीहरू सहमत भएको पाइयो ।

६. साँस्कृतिक प्रभाव

राई विद्यार्थीको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वमा देखिएका समस्याहरू सम्बन्धमा नमूना विद्यालयहरूका ५०% शिक्षकहरू सहमत भएको पाइयो । राई समुदायमा जन्म,

न्वारन, नागी पुजा, पञ्चबली, विवाह, मृत्यु, देवा पूजा, सांचेप आदि संस्कारमा जाँड रक्सि, मासु आदि खाने खुवाउने चलनले गर्दा र रमाइलो गरी चाडपर्वहरू मनाउने हुँदा घरपरिवारबाट विद्यार्थीको शैक्षिक उपलब्धिमा प्रभाव पारेको पाइयो ।

७. राजनैतिक प्रभाव

राई विद्यार्थीको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वमा देखिएका समस्याहरू सम्बन्धमा नमूना विद्यलायहरूका ५०% अभिभावकहरू सहमत भएको पाइयो । तथ्याङ्क संकलनमा जे जस्तो सूचना तथा तथ्याङ्क प्राप्त भएता पनि स्थलगत अध्ययनबाट प्राप्त तथ्याङ्कहरूमा अधिकांश विद्यालयहरूमा बन्द, हड्ताल, द्वन्द्व, तालाबन्दी, तथा राजनैतिक हस्तक्षेपजस्ता कारणले विद्यार्थीहरूको शैक्षिक उपलब्धि न्यून रहेको पाइयो ।

स्थलगत सर्वेक्षणका आधारमा भेटघाट, अन्तरक्रिया, वार्तालाप आदि माध्यमबाट प्राप्त जानकारीका आधारमा शैक्षिक समस्याहरूलाई निम्न अनुसार उल्लेख गर्न सकिन्छ ।

राई समुदायमा आफ्नो जग्गा जमिन थोरै भए पनि धेरैको कम उत्पादन हुने हुँदा गरिविको कारण राई बालबालिका पनि आयआर्जन गतिविधिमा संलग्न रहन्छन् । प्रत्येक दिन काम नगरी खान नपाउने हुँदा साना बालबालिका देखि परिवारका ठूला सबै सदस्यहरूले काम गर्नुपर्ने बाध्यता देखियो । गरिबीको कारण विद्यालय पोसाक, भर्ना शुल्क, परीक्षा शुल्क, कापी र कलम किन्ने पैसाको अभाव र आवश्यक परेको समयमा रूपैयाँ पैसा सापटी पाउन पनि गाह्रो परेको अन्तरवार्ताका क्रममा पाइयो ।

प्राय राई परिवारहरू अशिक्षित हुनाका कारण आफ्ना केटाकेटीहरूको शैक्षिक गतिविधीमा सक्रिय देखिँदैनन् । घरको वातावरण शिक्षासँग मेलखाने खालको नभएकोले आफै शिक्षा विकासमा प्रत्यक्ष संलग्न हुने अवस्था देखिएन । शिक्षाबाट तुरुन्त प्रतिफल नपाइने हुँदा छिट्टै आर्थिक लाभ हुने कामतिर आकर्षित भै शिक्षाप्रति बेवास्ता गरेको पाइयो । उनीहरू प्रायः परम्परागत र जातिगत काममा संलग्न रहेको पाइयो ।

केटाकेटीहरूले घरको काममा सहयोग गर्नुपर्ने कारणले धेरै कम मात्रामा विद्यालयमा उपस्थित हुन पुगेका छन् । यसमा पनि छोरीले घरको काम धन्दामा सघाउनु पर्दछ भन्ने

धारणा अभिभावकहरुको रहेको छ । यो धारणा हुने खाने राईहरूमा पनि रहेको छ । यस अर्थमा राई समूदायमा धन भन्दा पनि लैङ्गिक विभेद राख्ने राष्ट्रिय प्रवृत्तिको पूनरावृत्ति भएको देखियो ।

राई समाजमा पनि केटीलाई भन्दा केटालाई धेरै स्वतन्त्रता छ । महिला अभिभावकहरू प्रायः अशिक्षित नै छन् । यसले गर्दा केटाकेटीमा समान व्यवहार पाइदैन । राई समुदायमा परम्परावादी र रुढीवादी संस्कार विद्यमान रहेकोले शिक्षालाई जीवनका लागि अपरिहार्य साधनको रुपमा महशुस गर्न नसकेको देखियो ।

घरको काममा सम्पूर्ण परिवारको संलग्नता रहन्छ । त्यसैले राई बालबालिकाहरू विद्यालयमा कम उपस्थित रहन्छन् । घरमा शैक्षिक वातावरण छैन तसर्थ पढाई छुटेर ती बालबालिकाहरू अल्छे हुन पुगेका छन् । अनियमितताका कारणले उनीहरू पढ्न सक्दैनन् । यसले गर्दा परीक्षामा अनुत्तिर्ण हुन पुग्छन् । फलस्वरूप विद्यालयमा कम आएको पाइयो ।

राई समुदाय जाँडरक्सीको अत्याधिक प्रयोग गरी चाडपर्वमा बढी रमाइलो गर्ने चलनले गर्दा मोजमस्तीमा रमाई यथास्थितिमै खुसी हुने भएकोले बालबालिकामा पनि त्यसको प्रभाव परेको देखियो । छिटो विवाह गर्ने चलनले धेरै सन्तान जन्मिने प्रवृत्तिले गर्दा बालबालिकाको भविष्यप्रति अभिभावकले चिन्ता नलिएको “भगवानले दिन्छन्, भगवान्ले पाल्न कर लाग्छ” भन्ने रुढीवादी धारणा विद्यमान रहेको देखियो ।

राई समुदायमा लाहुरे हुनै पर्ने मान्यताले पनि अभिभावकहरू पढाई लेखाइतिर भन्दा पनि आफ्नो छोरालाई बेलायती सेनामा, भारतीय सेनामा, खाडी मुलुकमा र त्यो पनि नभए भारतको विभिन्न ठाउँमा नोकरी गर्न पठाउने सामाजिक परम्पराले पनि पढाई बीचैमा छोड्ने परिपाटी विद्यमान रहेको देखियो । पढाईलाई भन्दा पैसालाई बढी महत्व दिने संस्कारले गर्दा पनि राई समुदायले शिक्षालाई खासै महत्व दिएको देखिएन ।

राई समुदायमा लाहुरेलाई जति मानसम्मान दिइन्छ । एउटा पढेको मानिसले उक्त सम्मान पाउँदैन । फलस्वरूप सामाजिक सम्मानको लागि पनि लाहुरे हुनुपर्ने परिस्थिति विद्यमान

रहेको देखियो । 'संगत गुनाको फल' भने जस्तै समाजमा पढे लेखेका मानिस धेरै नहुँदा गाउँमा अल्लारे, आवरापनका केटाकेटीहरू बढी हुने हुनाले पढ्न चाहने बालबालिका पनि उनीहरूको संगतले गर्दा विग्रिन पुगेको देखियो ।

छोरीलाई भन्दा छोरालाई बढी महत्व दिने धार्मिक परम्परा र छोरी अर्कैको घरमा जाने जात हो, नपढेपनि हुन्छ भन्ने रुढिवादी चिन्तन अझैसम्म पनि कायमै रहेको देखियो ।
छोरा नभए स्वर्गको ढोका बन्दहुन्छ भन्ने परम्परावादी धार्मिक मान्यताका कारणले धेरै छोरी भए पनि छोरा नभए सम्म बच्चा जन्माउँदै जाने परिपाटीले परिवारको आकार ठूलो भै आर्थिक अवस्था कमजोर हुन जाँदा पढाईतिर भन्दा आयआर्जनतिर छोरा छोरीलाई लगाउने गरेको पाइयो ।

शिक्षकहरूले पनि जान्ने विद्यार्थीलाई मनपराउने र नजान्ने विद्यार्थीलाई फरक ढंगले व्यवहार गर्ने, गाली गर्ने गर्दा उनीहरूमा पढाई प्रति निरासा छाएको देखियो । विद्यालयको भौतिक वातावरण शिक्षा नियमावलीले तोकेको मापदण्ड अनुसार नहुँदा पनि विद्यालय जान मन नगरेको देखियो ।

## ४.४ राई बालकालिकाको शैक्षिक उपलब्धि बृद्धि गर्ने उपायहरू

राई बालकालिकाहरूको शैक्षिक उपलब्धि बृद्धि गर्न के गर्नुपर्ला ? भनी जानकारी प्राप्त गर्ने क्रममा विभिन्न व्यक्तिहरूको अवधारणा निम्न अनुसार पाइयो ।

तालिका ११

राई विद्यार्थीहरूका शैक्षिक उपलब्धी बृद्धि गर्ने उपायहरू

| क्र. सं. | विवरण | प्र.अ. (४) | शिक्षक (४) | वि.व्य.स. अध्यक्ष (४) | अभिभावक (८) | विद्यार्थी (४०) | स्रोत व्यक्ति (१) |
|---|---|---|---|---|---|---|---|
| १ | आर्थिक सहुलियत | ३ (७५%) | २ (५०%) | २ (५०%) | ३ (३७.५%) | १८ (४५%) | - |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | निःशुल्क शिक्षा प्रदान | - | - | १ (२५%) | २ (२५%) | १६ (४०%) | - |
| ३ | रोजगारमूलक शिक्षा | १ (२५%) | १ (२५%) | १ (२५%) | २ (२५%) | ५ (१२.५%) | १ (१००%) |
| ४ | मातृभाषामा शिक्षा | - | १ (२५%) | - | १ (१२.५%) | ४ (१०%) | - |
| ५ | जातीय भेदभावको अन्त्य | - | - | - | १ (१२.५%) | २ (५%) | - |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

माथि उल्लेखित तालिकाको अध्ययन गर्दा राई बालबालिकाहरूको शैक्षिक उपलब्धि बृद्धि गर्ने उपायहरूमध्ये सरोकारवाला (प्र.अ., शिक्षक, वि.व्य.स. अध्यक्ष, अभिभावक, विद्यार्थी र स्रोतव्यक्ति) हरूले व्यक्त गरेका धारणालाई निम्नानुसार प्राथमिकता क्रममा प्रस्तुत गरिएको छ :

१. आर्थिक सहुलियत

राईहरूको शैक्षिक उपलब्धि बृद्धि गर्न के गर्नुपर्ला ? भनी प्रश्न राखी गरिएको सर्वेक्षणमा ७५% प्र.अ.हरू, ५०% शिक्षक, ५०% वि.व्य.स. अध्यक्ष, ३७.५% अभिभावक र ४५% विद्यार्थीहरू आर्थिक सहुलियतको पक्षमा रहेको पाइयो ।

२. निःशुल्क शिक्षा प्रदान

राईहरूको शैक्षिक उपलब्धि बृद्धि गर्न के गर्नु पर्ला ? भनी प्रश्न राखी गरिएको सर्वेक्षणमा २५% वि.व्य.स. अध्यक्ष, २५% अभिभावक र ४०% विद्यार्थीहरू निःशुल्क शिक्षाको पक्षमा देखिए ।

३. रोजगारमूलक शिक्षा

राईहरूको शैक्षिक उपलब्धि बृद्धि गर्न के गर्नुपर्ला ? भनी प्रश्न राखी गरिएको सर्वेक्षणमा २५% प्र.अ., २५% शिक्षक, २५ वि.व्य.स. अध्यक्ष, २५% अभिभावक र

१२.५% विद्यार्थीहरू रोजगारमूलक शिक्षामा सहमत पाइए भने स्रोत व्यक्ति १००% पनि रोजगारमूलक शिक्षाको पक्षमा सहमत देखिए ।

४. मातृभाषामा शिक्षा

राईहरूको शैक्षिक उपलब्धि बृद्धि गर्न के गर्नुपर्ला ? भनी प्रश्न राखी गरिएको सर्वेक्षणमा २५% शिक्षक, १२.५% अभिभावक र १०% विद्यार्थीहरूमात्र मातृभाषामा शिक्षा दिनुपर्ने कुरामा सहमत भए ।

५. जातीय भेदभावको अन्त्य

राईहरूको शैक्षिक उपलब्धि बृद्धि गर्न के गर्नुपर्ला ? भनी प्रश्न राखी गरिएको सर्वेक्षणमा १२.५% अभिभावक तथा ५% विद्यार्थी मात्र जातीय भेदभावको अन्त्यमा सहमत भएको पाइयो ।

स्थलगत भ्रमणको क्रममा व्यक्तिगत भेटघाट, अन्तरक्रियाजस्ता माध्यमबाट राईहरूको शैक्षिक उपलब्धि बढाउने उपायहरू निम्न अनुसार पहिचान गरियो ।

राई बालबालिकाको पायक पर्ने ठाउँमा विद्यालय खोल्नुपर्छ । विद्यालय नजिक हुँदा राई बालबालिका समेत विद्यालय जान उत्साहित र प्रोत्साहित हुन्छन् । सकभर विहानी कक्षा चालु गर्ने व्यवस्था मिलाउनु पर्दछ । यस्तो कक्षामा घरायसी कामकाजले पढ्न नपाएकाहरूले पढ्ने अवसर पाउँछन् । उनीहरूको शैक्षिक कार्यमा अभिभावकहरू पनि प्रत्यक्ष रूपले संलग्न हुन सक्छन् र उनीहरूको ध्यान पुऱ्याउन सक्छन् ।

ठूलो उमेरका बालबालिका विद्यालयमा आउनेमा प्राय गरीब परिवार देखिन्छन् । उनीहरूका अभिभावकमा चेतनाको कमीले सुरुमा विद्यालय पढाउन भ्याएका हुँदैनन् । गाउँको स्कुलबाट प्रत्येक वर्ष भर्ना अभियानको क्रममा घरदैलो जागरण कार्यक्रम संचालन गर्दा मात्र बच्चाहरू विद्यालय पठाउन थाल्छन् ।

गरीब राई बालबालिकाहरूलाई छात्रवासको उचित प्रवन्ध, विद्यालयमा दिवा खाजाको व्यवस्था, गरीब बालबालीकालाई जो पढ्न जेहेन्दार छ उसलाई पढ्न अभिप्रेरित गर्न विद्यालयले आर्थिक सहयोग जुटाउने पहल गर्नुपर्दछ । स्थानीय जनसमुदायसँग चन्दा

संकलन गर्ने र कुनै शिक्षा प्रेमीबाट अक्षयकोष स्थापना गर्न लगाई छात्रवृद्धि प्रदान गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

विद्यालय जान वञ्चित राई बालबालिका र प्रौढहरूको लागि साक्षरता कार्यक्रम (प्रौढ शिक्षा तथा महिला शिक्षा) लाई अभियानको रूपमा सञ्चालन गर्नुपर्दछ । पढेर के हुन्छ ? भन्ने मानसिकताबाट ग्रसित राईलाई पढाईका राम्रा पक्षबारे शिक्षा दिने कार्यक्रम सञ्चालन गर्नु पर्दछ । महिलाहरूलाई पढ्नबाट बञ्चित गर्ने चलनलाई निरुत्साहित गर्नका लागि लैङ्गिक समानता सम्बन्धी तालिम, गोष्ठि सञ्चालन गरेर राई अभिभावकहरूलाई जागरुक बनाउनु पर्दछ ।

राई जातिका सहयोगी कार्यकर्ताहरूलाई तालिम दिएर उनीहरू बीचमै सुखः दुःखमा साथ दिँदै जनचेतना जगाउने काम गरिनुपर्दछ । विभिन्न संघ संस्थाहरूले समुदायमा जनचेतना र सशक्तिकरण अभियान चलाउनु पर्छ साथै समावेसी र समाहित शिक्षाका कार्यक्रमहरु लागू गरिनुपर्छ । अधिकांश न्यून आय भएका राई परिवारहरूलाई विशेष सहुलियत प्रदान गरी बालबालिकाको सम्पूर्ण पढाइ खर्च सरकारले व्यहोर्नु पर्छ ।

प्रत्येक विद्यालयमा राई भाषा कक्षाहरू तथा राई शिक्षक शिक्षिकाको दर्वन्दी कायम गर्न सकिएमा राई विद्यार्थीहरूको उपस्थिती बढ्न जान्छ । राई विद्यार्थीहरू बढी सकेपछि पनि विद्यालय विचैमा छाड्ने दरलाई कम गर्न छात्रवृत्ति, पोषाक तथा खाजाको उचित प्रवन्ध गर्नुपर्दछ ।

# परिच्छेद पाँच :
# निष्कर्ष र सुझाव

## ५.१ निष्कर्ष

१. राई विद्यार्थीहरूको नतिजा गैर राईहरूको तुलनामा २०६८ सालमा १९.४८%, २०६९ मा २१.६१% र २०७० मा १५.९८% ले कमी रहेको पाइयो । साथै कक्षा क्रियाकलापमा पनि राईको सक्रिय सहभागिता नभएको देखियो । यसले राईको शैक्षिक अवस्था न्यून रहेको पुष्टि गर्दछ । शैक्षिक अवस्था न्यून गराउन प्रभाव पार्ने प्रमुख तत्वको रूपमा आर्थिक तत्व देखापर्‍यो ।

२. प्राथमिक तहमा अध्ययनरत गैरराई छात्र/छात्राको तुलनामा राई छात्र/छात्राको उपस्थिति कम देखिन्छ । विद्यार्थीहरूको कक्षा अवलोकनको क्रममा धेरैजसो राई विद्यार्थीहरू गैर राई विद्यार्थीहरु भन्दा कक्षाकोठामा पछाडि बसेको पाइयो । राई विद्यार्थीहरूले छलफलमा सक्रिय सहभागिता, प्रश्न सोध्ने र शिक्षकले सोधेको प्रश्नको उत्तर कम दिएको पाइयो ।

३. शिक्षकहरूसँग शैक्षिक क्रियाकलापमा संलग्न हुनुको सट्टा कक्षामा घोप्टो मुन्टो लगाएर पछाडिको बेञ्चमा बस्ने, लजाउने गरेको पाइयो । अवलोकनको क्रममा ३०% राई विद्यार्थीहरूले र ६०% गैर राई विद्यार्थीहरूले गृहकार्य गरेको पाइयो । अवलोकनकै क्रममा ३५% राई विद्यार्थीहरूले र ५०% गैर राई विद्यार्थीहरूले कक्षाकार्य गरेको पाइयो । अवलोकनकै क्रममा २०% राई विद्यार्थीहरू र ५% गैर राई विद्यार्थीहरू मात्र कापीकलम बिना नै विद्यालय आएको पाइयो । राई विद्यार्थीहरूले सरसफाईमा त्यति ध्यान दिएको पाइएन ।

४. विद्यालय र कक्षा कोठामा जातिपातिको आधारमा भेदभावको कुनै सङ्केत भने देखिएन बरु राई र गैर राई विद्यार्थीहरू सँगसँगै उठबस गरेको पाइयो । अतिरिक्त क्रियाकलाप सम्बन्धमा राई विद्यार्थीहरूले शारीरिक क्रियाकलापहरू जस्तै : दौडने, उफ्रने, नाचगान गर्ने कार्यमा रुचि लिएको पाइयो भने बौद्धिक क्रियाकलापमा उनीहरूको कम रुचि रहेको पाइयो ।

५. गैर राई विद्यार्थीहरूले पनि पिछडिएको जनजाति भनेर तल्लो वर्गको रूपमा अभद्र व्यवहार नगरेको, मानिस-मानिस बीच कुनै फरक छैन भन्ने भावना राखेको, शैक्षिक क्रियाकलापमा सहयोग गरेको छलफलको क्रममा थाहा पाइयो । राई र स्वभाव अनुसार राईलाई गैर राई  को घरभित्र पस्न फरक नपर्ने, गैर राई विद्यार्थीहरूको अन्तर्वार्ता र छलफलबाट बुझियो तर व्यवहारिक रूपमा राई विद्यार्थीहरूलाई आफ्नो घरमा लगे तापनि चुलो छुन भने नदिएको राई विद्यार्थीको अन्तर्वार्ताबाट थाहा पाइयो ।

६. राई विद्यार्थीहरूको शैक्षिक उपलब्धि सम्बन्धी देखा परेका समस्याहरूमा जमीन कम भएको  र भए पनि एकदमै कम उर्वरा हुने भएको हुँदा गरिबीको कारण अरुको काम गर्नुपर्ने बाध्यता, विद्यालय पोशाक, भर्ना शुल्क, कापी कलम किन्न पैसाको अभाव, घरको वातावरण शिक्षाको दृष्टिकोणले प्रतिकुल हुनु, शिक्षाबाट तुरुन्त प्रतिफल नपाईने हुनाले अरु पेशामा आकर्षित, लैङ्गिक विभेद, परम्परावादी र रुढिवादी चिन्तन एवम् संस्कार विद्यमान रहनु, परीक्षामा अनुत्तिर्ण हुनु, चाडपर्वहरुमा जाँडरक्सीको अत्यधिक प्रयोग गरी मोजमस्तीमा रमाउने राई अभिभावकले गर्दा बालबालिकामा पनि त्यसको प्रभाव पर्नु, राई स्वयम्ले आफूलाई तल्लो वर्गको ठान्नु, महिला राईहरू निरक्षर हुनु, राई अभिभावकहरूमा शैक्षिक चेतनाको कमीजस्ता कुराहरू रहेको देखियो ।

७. राई जातिका विद्यार्थीको शैक्षिक उपलब्धि वा उत्तिर्ण प्रतिशत गैर राई विद्यार्थीको तुलनामा कम रहेको छ । २०६८ सालको नतिजा हेर्दा ८०% गैर राई विद्यार्थी उत्तिर्ण छन् भने राई विद्यार्थीको उत्तिर्ण प्रतिशत ६० रहेको छ । त्यस्तै २०६९ सालमा राई विद्यार्थीको उत्तिर्ण प्रतिशत ५८.२६ र गैर राई विद्यार्थीको उत्तिर्ण प्रतिशत ७९.८७ रहेको छ । त्यस्तै २०७० सालमा पनि गैर राई विद्यार्थी ७७.४% उत्तिर्ण छन् भने राई विद्यार्थीहरू ६१.४२% मात्र उत्तिर्ण छन् ।

८. गैरराई विद्यार्थीको तुलनाथमा राई विद्यार्थीको विद्यालय उपस्थितति कम देखिन्छ । राई विद्यार्थीहरू नियमित रूपमा विद्यालयमा उपस्थित हुन नसकेका कारण उनीहरूको शैक्षिक उपलब्धि पनि कमि छ र उनिहरु समग्र शिक्षा क्षेत्रमा पछि परेका छन् । अध्ययन क्षेत्रका प्राथमिक विद्यालयहरूमा गैर राई विद्यार्थीहरूको तुलनामा राई विद्यार्थीहरूको संख्या बढी छ ।

९. विद्यालय र कक्षाकोठामा जातिपाती र वर्गको नाममा गरिने विभेद तथा अन्य क्रियाकलाप राई र गैर राइ दुवै विद्यार्थीहरूमा नदेखिएका कारण विद्यार्थीहरूको शैक्षिक

उपलब्धिमा जातजातिको नाममा गरिने व्यवहारले बाधा पुऱ्याएको पाइएन । विद्यालयमा कम उपस्थिति हुने बालबालिकाहरुको विषयवस्तुमा हुने ज्ञानको कमिले स्वतः विद्यालय नजाने मनस्थिति रहेको पाइयो । कक्षाकोठा क्रियाकलापमा शिक्षक र विद्यार्थी बीचको दोहोरो आदान-प्रदान नभएकोले राई विद्यार्थीहरूले शैक्षणिक क्रियाकलापमा उल्लेख्य प्रगति गर्न नसकेको देखिन्छ ।

१०. राई विद्यार्थीहरू डराउने, लजाउने गरेकोले कक्षा क्रियाकलापमा कम संलग्न हुने गरेको देखिन्छ । राई समुदाय परम्परागत रुढीवादी शैलीमा चल्नाले अभिभावकहरूमा शैक्षिक चेतनाको कमिले गर्दा कलिला बालबालिकामा त्यसको प्रभाव परी विद्यालयमा नजाने र बीचैमा पढाई छोड्ने स्थिति देखा परेको छ । मातृभाषामा शिक्षण नहुने भएकाले पनि उनीहरुको शैक्षिक उपलब्धि कम भएको देखिन्छ ।

११. आर्थिक समस्या, राई अभिभावकमा चेतनाको कमी, राईहरूमा परम्परागत विचार विद्यमान रहनु जस्ता कारणले राई विद्यार्थीहरूको शैक्षिक उपलब्धिमा असर पुऱ्याएको देखिन्छ । राई विद्यार्थीहरूको शैक्षिक उपलब्धि बृद्धि गर्न आर्थिक सौलिहत, निःशुल्क शिक्षा, रोजगारमूलक शिक्षा, मातृभाषामा शिक्षा उपलब्ध गराई राई जातीमा जनचेतना अभिवृद्धि गर्नुपर्ने देखिन्छ ।

## ५.२ सुझाव

अध्ययन क्षेत्रका विद्यालयहरूमा अध्ययन गर्ने क्रममा राई विद्यार्थीहरूको भर्ना र उपस्थिति, कक्षाकोठा क्रियाकलापमा सहभागिता, शिक्षक र गैर राई विद्यार्थीहरूले राई विद्यार्थीप्रति गर्ने व्यवहार, शैक्षिक समस्याहरू, वि.सं. २०६८ देखि २०७० सालसम्मको नतिजा अभिलेख, पारिवारिक तथा सामाजिक वातावरण तथा समाधानका उपायहरूको जानकारीका आधारमा राई बालबालिकाको शैक्षिक उपलब्धि र प्रगतिका निम्ति लिखित सुझावहरू प्रस्तुत गरिएको छ ।

क. नीतिगत तहका लागि

१. राई जातीको समस्या र विद्यमान रुढिवादी चिन्तन विरुद्ध चेतना अभिवृद्धि गर्ने विषयवस्तु विद्यालय स्तरको पाठ्यक्रममा समावेश गर्दै लैजानुपर्ने देखिन्छ। शिक्षा नीति बनाउँदा व्यवहारिक, पिछडिएका जनजातिलाई केन्द्रविन्दुमा राखी भावी नीति तथा योजना तर्जुमा गर्नुपर्ने देखिन्छ। नीति नियम बनाउँदा सैद्धान्तिक भन्दा व्यवहारिक पक्षमा जोड दिनुपर्ने देखिन्छ।

२. नीति नियमको निर्माण गर्ने तहमा जनजातिको पहुँच पुऱ्याउने खालको वातावरण बनाउन नीति नियममै आरक्षणको व्यवस्था गरिनुपर्ने देखिन्छ। नीति नियम पारदर्शी बनाईनु पर्ने देखिन्छ। नीति नियम हचुवाको भरमा बनाइनु हुँदैन। नीति नियम बनाउँदा राज्यको हरेक अंगमा सबै जातजातिको प्रतिनिधित्व हुने खालको बनाइनु पर्ने देखिन्छ।

३. विद्यालयको वार्षिक परीक्षामा राई बालबालिकाहरूलाई प्रोत्साहन दिने र राईृ वालवालिकाहरुको  लागि छुट्टै विशेष आरक्षण र अवसरको व्यवस्था गर्नुपर्ने देखिन्छ। राई विद्यार्थीहरूको उत्कृष्ट कामको मूल्याङ्कन गर्दै उनीहरूलाई सार्वजनिक महत्वका ठाउँहरूमा पुरस्कृत गर्दै लैजानुपर्ने देखिन्छ। राई बालबालिकालाई विद्यालयमा आकर्षित बनाउन विद्यालयले छात्रवृत्ति, छात्रावास, दीवा खाजा आदिको व्यवस्था गर्न पहल गर्नुपर्ने देखिन्छ साथै विद्यालयको वातावरण अनुकूल बनाउनतर्फ पहल गर्नुपर्ने देखिन्छ।

४. राई विद्यार्थीहरूलाई शैक्षिक सत्रको शुरुमा विद्यालयमै पुरस्कार वितरणमा सरकारी पहल हुनुपर्ने देखिन्छ। राई बालबालिकाहरूलाई छात्रवृत्ति, पोशाक वितरण, प्रशंसाजस्ता सकारात्मक कार्यक्रमहरू सरकारी पक्षबाट सञ्चालन गर्नुपर्दछ। वास्तविक रूपमा विपन्न, जेहेन्दार र राई तथा त्यसमा पनि पिछडिएको विद्यार्थीहरूको छनोट गर्न गाउँ शिक्षा समिति,  शिक्षक र प्र.अ.हरूले पारदर्शी तरिका अपनाउनु पर्दछ।

५. राई विद्यार्थीहरूमा शैक्षिक उपलब्धि बृद्धि गर्नको लागि प्रत्येक विद्यालयमा सम्भव भएसम्म राई, महिला र नभएमा राई समुदायका व्यक्तिबाट शिक्षकको व्यवस्था गर्नुपर्ने देखिन्छ। राई जातिको साक्षरता बृद्धि गर्न साक्षरता अभियान राष्ट्रिय रूपमै सञ्चालन गरिनु पर्दछ। राई जातिमा विद्यमान परम्परागत सिपको आधुनिकीकरण गरी त्यसलाई व्यवसायिक रूपमा संचालन गर्न सरल कर्जा प्रणाली उपलब्ध गराउनु पर्दछ। यसले

उनीहरूको आर्थिक पक्ष सुदृढ हुन गई चेतना स्तर बढ्न जान्छ र छोराछोरीलाई विद्यालय पठाउँछन् ।

६. गैर राई भित्र रहेका धार्मिक, सामाजिक कट्टरपनाले राई भित्र रहँदै आएको हीन भावना हटाउँदै लैजान राई जनजातिसम्बन्धि विभिन्न कार्यक्रमको सञ्चालन गर्नुपर्दछ । राईजातिलाई राज्यको हरेक अङ्गमा सम्मानजनक उपस्थिति गराउन आरक्षणको व्यवस्था गर्नुपर्दछ ।

७. समाजमा आयोजना गरिने भोजभतेर र संस्कारगत कार्यहरूमा मादक पदार्थको सेवनमा क्रमशः रोक लगाउँदै जानु पर्दछ र त्यसको खराब असरबारे जनचेतना जगाउनु पर्दछ । राई भाषा र संस्कृतिको उत्थानको लागि मातृभाषामा शिक्षा दिने वातावरण व्यापक रूपमा मिलाउनु पर्दछ ।

८. माथि उल्लेखित सुझावहरू मनन गर्ने हो भने राईहरूको शैक्षिक अवस्था सजिलै सुध्रन सक्ने देखिन्छ । जसको लागि सरोकारवाला पक्षले ध्यान दिन जरुरी देखिन्छ ।

## ख. कार्यान्वयन तहका लागि

१. विद्यालयमा नियमित रूपमा उपस्थित हुने र नजानेका कुरा संकोच नमानी शिक्षकसँग सोध्ने बानी बसाल्नु पर्दछ । कक्षामा बस्दा पछाडि बेञ्चमा नबसी अगाडी बस्ने बानी बसाल्नु पर्दछ । कक्षामा हुने क्रियाकलापमा पछाडि गएर बस्ने, लजाउने नगरी सक्रिय सहभागिता जनाउनु पर्दछ । घरमा अभिभावकहरूले विद्यालय जानु पर्दैन भनी भने तापनि वहाँहरूलाई सकभर विद्यार्थी आफैले सम्झाउने, नभए शिक्षकलाई घरमा बोलाई सम्झाउन लगाउनु पर्दछ ।

२. हामी राई बालबालिकाले पनि गैर राई बालबालिका सरह पढ्न र केही गर्न सकिन्छ भन्ने मनोबल बढाउनु पर्दछ । हीनताबोध त्याग्नु पर्दछ । खराब संगत र कुलतबाट टाढै रहनु पर्दछ । घरमा पनि कामको सट्टा पढाइतिर बढी ध्यान दिनु पर्दछ । घरको अवस्था हेरी कम खर्चमा आफ्नो पठनपाठन कार्य अगाडि बढाउनु पर्दछ ।

३. हामी देशको भविष्यको कर्णधार हौं, हामीले पढेर ठूलो मानिस बनी देशको विकासमा योगदान दिन सक्दछौं भन्ने उद्देश्य लिनु पर्दछ । "उद्देश्य के लिनु उडी छुनु चन्द्र एक" भन्ने महाकवी लक्ष्मीप्रसाद देवकोटाको भनाईलाई आत्मसात् गर्नु पर्दछ । पढाईलाई

अर्थोपार्जनको रूपमा मात्र नलिई व्यक्तित्व विकासको रूपमा समेत हेरी सोही अनुसार कार्य गर्नु पर्दछ । सरसफाईमा विशेष ध्यान दिनु पर्दछ ।

४. अभिभावकहरुले पनि परम्परागत रुढिवादी चिन्तन त्यागी आफ्ना बालबालिकाहरूलाई विद्यालयमा नियमित रूपमा पढ्न पठाउनु पर्दछ । छोरा र छोरीमा कुनै भेदभाव गर्नुहुँदैन । छोरालाई बढी महत्व दिने र छोरीलाई अर्काको घरमा जाने जात भनी फरक व्यवहार गर्नु हुँदैन । परिवारको आकार सकभर सानो बनाउनेतर्फ विशेष ध्यान दिनु पर्दछ । बालबालिकाले देख्ने गरी लागु पदार्थ (मद्यपान, धुम्रपान) सेवन गर्नु हुँदैन । भोजभतेरमा जाँडरक्सीको सेवनमा कटौती गर्दै लैजानुपर्ने देखिन्छ ।

५. हामीले नपढेर पनि भयो, तिमीहरूले किन पढ्नु पऱ्यो ? भन्ने परम्परावादी चिन्तन त्याग्नु  पर्दछ । आफ्ना बालबालिकाले घरमा पढे नपढेको तर्फ विशेष निगरानी राख्नुपर्ने देखिन्छ । विद्यालयमा समय समयमा गई आफ्नो बालबालिकाको हाजिरी, पढाईको स्तर आदिबारे शिक्षकहरूसँग सोधपुछ एवम् आवश्यक सरसल्लाह गर्नु पर्दछ ।

६. समय परिवर्तन भइसक्यो, अतः आफ्नो सोंचाई र चिन्तनमा पनि परिवर्तन गर्नुपर्ने देखिन्छ । आफ्नो बच्चा कमजोर भए पनि शिक्षकहरुले जसरी भएपनि पास गरिदिनु पर्दछ भन्ने भावना त्याग्नु पर्दछ । किनकी जग राम्रो नभए घर बलियो नभए जस्तै कमजोर बालबालिकालाई माथिल्लो कक्षामा लैजाँदा पछि भने समस्या पर्न जान्छ । अतः यस कुरामा अभिभावकले विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

७. राई बालबालिकाको पारिवारीक वातावरण राम्रो नहुने र उनीहरूलाई घरमा आवश्यक पथप्रदर्शन नहुँदा उनीहरू पढाईमा कमजोर हुन्छन् । अतः शिक्षकले कक्षामा सोही अनुसार व्यवहार गर्नुपर्ने देखिन्छ । राई बालबालिकाहरूलाई पछाडी बस्ने, घोप्टो मुन्टो लगाउने बानी हटाउन उनीहरूलाई आवश्यक वातावरणको सृजना गरीदिन पहल गर्नुपर्ने देखिन्छ ।

८. कक्षा क्रियाकलापमा सहभागी भए नभएको निगरानी राख्नुपर्ने  देखिन्छ । गृहकार्य गरे नगरेको प्रति पनि विशेष ध्यान दिनुपर्दछ र नगरेको भए के कारणले  हो ? बुझ्नु पर्दछ । राई बालबालिकाको घरमा बेला बेलामा गई अभिभावकलाई सम्झाउनुपर्ने देखिन्छ । राई तथा गैर राई विद्यार्थीहरूलाई कक्षामा घुलमिल बनाई राख्ने र सकभर जान्ने नजान्ने मिलाई बसाई व्यवस्था मिलाउनुपर्ने देखिन्छ ।

९. राई बालबालिकाहरूलाई हौसला प्रदान गर्दै केही गल्ती गरे तापनि सजायँ दिनुको सट्टा अब गल्ती नगर्ने है भनेर मिठो बोलीले सम्झाउनु पर्ने देखिन्छ । अधिकांश राई बालबालिकाहरूलाई पढाउन अन्य जातिलाई भन्दा बढी ध्यान दिनु पर्दछ । किनकी उनीहरूले भाषाको समस्याले गर्दा पनि ढिलो गरी बुझ्दछन् । घरमा सिकाउने कोही नहुँने हुँदा छिटो बिर्सने पनि गर्दछन् । अतः सोही अनुसार व्यवहार गर्नुपर्ने देखिन्छ ।

१०. राई विद्यार्थीहरूलाई नियमित रूपमा विद्यालयमा उपस्थित भए विद्यालयद्वारा पुरस्कार र प्रशंसा-पत्रको व्यवस्था गर्नु पर्दछ । शिक्षक र राई अभिभावकबीच समय-समयमा शैक्षिक अन्तर्क्रिया सञ्चालन गर्नुपर्दछ र शिक्षकहरूले राई विद्यार्थीहरूको घरमा नियमित रूपमा गएर भेटघाट गरी व्यवहारिक कुरा बुझ्ने र अभिभावकहरूले विद्यालय गएर छोराछोरीको पढाईको बारेमा छलफल गर्नुपर्दछ ।

११. शिक्षकहरुले विद्यालयमा राई विद्यार्थीलाई विशेष निगरानी राखी शैक्षणिक क्रियाकलाप सञ्चालन गर्नुपर्दछ । स्याबासी, प्रशंसा, विद्यार्थी-शिक्षकबीच दोहोरो सञ्चार नियमित रूपमा स्थापित गर्नुपर्दछ । राई बालबालिकालाई विद्यालयमा नियमित रूपमा उपस्थित गराउन उनीहरूलाई आकर्षित गर्ने मनोरञ्जनात्मक कार्यक्रम बेला-बेलामा आयोजना गर्नुपर्ने देखिन्छ ।

## ग. अनुसन्धान तहका लागि

१. राई जातिका विद्यार्थीहरुको शैक्षिक उपलब्धि स्तर गैर राई विद्यार्थीहरुको तुलनामा कम रहेको तथ्य यो शोध अध्ययनको क्रममा पाइयो ।

२. यो शोध अध्ययन कार्य कुलुङ गा.वि.स. का ४ ओटा विद्यालयहरुमा गरिएको थियो ।

३. सिमित स्रोत,साधान र समयको कारणले गर्दा व्यपाक रुपमा अध्ययन कार्य अगाडी बढाउन नसके तापनि प्राप्त नतिजको विश्लेषण गर्दा राई जातिहरुको शैक्षिक उपलब्धि स्तरलाई गैर राई जातिहरुका विद्यार्थीहरुको सरह बनाउनका लागि राई जातिहरुमा देखिएका समस्याहरुको पहिचान गरी समस्या समधानका लागि राष्ट्रिय स्तरमा थप अनुसन्धान गर्नका लागि सम्बन्धित निकायमा सुझाव दिइन्छ ।

## सन्दर्भग्रन्थ


१. अनौपचारिक शिक्षा केन्द्र (२०६७), **साक्षरता अभियानका लागि नामवाली सङ्कलन फारम**, कुलुङ, भोजपुर ।

२. काफ्ले, वासुदेव, रामस्वरुप सिन्हा, चन्द्रबहादुर श्रेष्ठ (२०६०), **शैक्षिक योजना**, काठमाडौ : भुँडीपुराण प्रकाशन, भोटाहिटी, काठमाण्डौं ।

३. गौडेल, यादव र अन्य (२०६०), **शिक्षाको वित्तशास्त्र**, काठमाडौ : स्टुडेन्टस् बुक्स, कीर्तिपुर काठमाण्डौं ।

४. गौतम, गेहनाथ र अन्य (२०६०), **विद्यालय निरिक्षक प्रतियोगिता दिग्दर्शन**, काठमाडौं : मकालु बुक्स एण्ड स्टेशनर्स, डिल्लीबजार काठमाण्डौं ।

५. **नेपालको अन्तरिम संविधान (२०६३),** काठमाडौं : कानुन किताव व्यवस्था समिति, बबरमहल, काडमाण्डौं ।

६. प्रश्रित, मोदनाथ (२०६३ फाल्गुण ९), **देशभरी व्युँभिरहेछ दलित मानवता**, कान्तिपुर राष्ट्रिय दैनिक ।

७. वागचन्द्र, रत्नबहादुर (२०५९), **दलित समुदायको सामाजिक विकासको सन्दर्भमा शैक्षिक अवस्था र कानुनी अधिकार,** कार्यपत्र, दलित विकास समिति, काठमाडौं ।

८. शर्मा, चिरञ्जिवी र निर्मला शर्मा (२०६२), **शिक्षाका आधारहरू**, काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिस्टिव्युटर्स, भोटाहिटी, काठमाण्डौं ।

९. शिक्षा विभाग (२०६२), **बालमैत्री विद्यालय शिक्षक प्रशिक्षण पुस्तिका**, भक्तपुर : सानोठिमी, भक्तपुर ।

१०. **सबैको लागि शिक्षा मूल दस्तावेज** (२००१-२००९), भक्तपुर : शिक्षा विभाग, सानोठीमी भक्तपुर ।

११. ढकाल, हरिप्रसाद (२०६६), **प्राथमिक तहमा अध्ययनरत बालबालिकाहरुको शैक्षिक अवस्था अध्ययन**, स्नातकोत्तर अप्रकाशित शोधपत्र, काठमाडौ : त्रि.वि. शैक्षिक योजना तथा व्यवस्थापन विभाग ।

१२. भट्टराई, पुष्करराज (२०६६), **प्राथमिक शिक्षामा बालबालिकाको सहभागिता**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, काठमाडौ : शिक्षा शास्त्र संकाय ।

# अनुसूची एक
# राई विद्यार्थीको कक्षाकोठा क्रियाकलापमा सहभागिता हेर्नको लागि तयार पारिएको अवलोकन फारम (रुजु सूचि)

विद्यालयको नाम : ...................................... कक्षा : .............
गा.वि.स. कुलुङ वार्ड नं. ............

| सि. नं. | विद्यार्थी क्रियाकलाप | टिप्पणी | |
|---|---|---|---|
| | | राई विद्यार्थी | गैर राई विद्यार्थी |
| १ | कक्षामा ध्यान दिएर सुन्छ । | | |
| २ | विषयसँग सान्दर्भिक प्रश्न सोध्छ । | | |
| ३ | शिक्षकले सोधेको प्रश्नको उत्तर दिन्छ | | |
| ४ | छलफलमा सहभागी हुन्छ । | | |
| ५ | शिक्षकले दिएको अर्ति उपदेश पालना गर्छ । | | |
| ६ | कक्षा कार्य गर्छ । | | |
| ७ | गृहकार्य गरेर ल्याउँछ । | | |
| ८ | अरु विद्यार्थीसँग बस्छ । | | |
| ९ | कापीकलम लिएर स्कूल आउँछ । | | |
| १० | समयमा स्कूल आउँछ । | | |

# अनुसूची दुई
## शिक्षकहरूको लागि अन्तर्वार्ता प्रश्नावली

जिल्ला : भोजपुर
शिक्षकको नाम :
विद्यालयको नाम :
ठेगाना : कुलुङ

१. राई र गैर राई विद्यार्थीहरू बीच के-कस्ता समानता र भिन्नता पाउनु हुन्छ ?
  विद्यालय आउने बारे ……………………………………………………
  गृहकार्य गर्ने बारे …………………………………………………………
  कापी, कलम र किताब ल्याउने बारे …………………………………
  कक्षा सहभागिता …………………………………………………………
  प्रश्न गर्ने उत्तर दिने ………………………………………………………
  साथीहरूसँग हेलमेल गर्ने सम्बन्धमा …………………………………

२. राई विद्यार्थीलाई सिकाईमा उत्प्रेरित गर्नको लागि कस्तो भूमिका हुनुपर्दछ ?
……………………………………………………………………………………………

३. विद्यालयमा हुने शैक्षिक क्रियाकलापमा राई र गैर राई विद्यार्थीहरूको संलग्नतामा समानता र भिन्नता पाउनु हुन्छ ? किन ?
……………………………………………………………………………………………

४. राई विद्यार्थीहरूको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वहरू के-के हुन् ?
……………………………………………………………………………………………

५. बालबालिकाको शैक्षिक उपलब्धि बृद्धि गर्ने उपायहरू के-के हुन् ?
……………………………………………………………………………………………

## अनुसूची तीन
## राई विद्यार्थीहरूको लागि अन्तर्वार्ता प्रश्नावली

उत्तरदाताको नाम :

लिङ्ग : उमेर :

कक्षा : गा.वि.स. : कुलुङ वार्ड नं. :

१. तिम्रो विद्यालयमा कुन कुन जातका विद्यार्थीहरू छन् ?

..........................................................................................................

२. ती मध्ये अन्य जातका विद्यार्थीहरूलाई आफ्नो साथी बनाएका छौ कि छैनौ ?

..........................................................................................................

३. तल्लो तथा उपल्लो जातका विद्यार्थी सँगसँगै बस्छौ कि बस्दैनौ ?

..........................................................................................................

४. ती जातका विद्यार्थीहरूसँग खेल्छौ कि खेल्दैनौ ?

..........................................................................................................

५. तल्लो तथा उपल्लो जातका विद्यार्थीहरूसँग खाना खान्छौ कि खाँदैनौ ?

..........................................................................................................

६. ती विद्यार्थीहरूलाई आफ्नो घर लगेका छौ ?

..........................................................................................................

७. छ भने ती जातका विद्यार्थीहरूलाई आफ्नो घरमा लैजाँदा बाबुआमाले के भन्नुहुन्छ ?

..........................................................................................................

८. तिमीहरूको विचारमा शिक्षकले तिमीहरूलाई र अन्य जातका विद्यार्थीहरूलाई समान व्यवहार गरेजस्तो लाग्छ ?

..........................................................................................................

९. तिम्रो पढाई कमजोर हुनुको कारण के हो जस्तो लाग्छ ?

..........................................................................................................

१०. तिमीलाई पठन पाठन सम्बन्धमा केही समस्या छ कि ?

..........................................................................................

# अनुसूची चार
## गैरराई विद्यार्थीहरूको लागि अन्तर्वार्ता प्रश्नावली

उत्तरदाताको नाम : लिङ्ग : उमेर
कक्षा : गा.वि.स. : कुलुङ वडा नं.

१. तिम्रो विद्यालयमा कुन कुन जातका विद्यार्थीहरू छन् ?

..........................................................................................

२. ती मध्ये राई विद्यार्थीहरूलाई आफ्नो साथी बनाएका छौ कि छैनौ ?

..........................................................................................

३. राई जातका विद्यार्थीसँगसँगै बस्छौ कि बस्दैनौ ?

..........................................................................................

४. राई विद्यार्थीहरूसँग खेल्छौ कि खेल्दैनौ ?

..........................................................................................

५. राई विद्यार्थीहरूसँग बसी खाजा खान्छौ कि खाँदैनौ ?

..........................................................................................

६. ती विद्यार्थीहरूलाई आफ्नो घरमा लगेका छौ ?

..........................................................................................

७. छ भने ती विद्यार्थीहरूलाई आफ्नो घरमा लैजाँदा बाबुआमाले के भन्नुहुन्छ ?

..........................................................................................

८. तिमीहरूको विचारमा शिक्षकले तिमीहरूलाई र राई विद्यार्थीहरूलाई समान व्यवहार गरे जस्तो लाग्छ ?

..........................................................................................

९. राई जातका विद्यार्थीहरूको पढाईको स्तर कस्तो छ जस्तो लाग्छ ?
- प्रश्न गर्ने जवाफ दिने । ...........................................................
- साथीहरूसँग घुलमिल .......................................................
- गृहकार्य गर्ने । .........................................................................
- अतिरिक्त क्रियाकलापमा भाग लिने आदि । .......................................

## अनुसूची पाँच
## राई अभिभावकहरूको लागि अन्तरवार्ता प्रश्नावली

उत्तरदाताको नाम : लिङ्ग उमेर :
गा.वि.स. : कुलुङ वडा नं.

१. तपाई कुन पेशामा संलग्न हुनुहुन्छ ?

..........................................................................................................

२. तपाईको नानी बाबुहरू कति जना विद्यालय जान्छन् ?

..........................................................................................................

३. आफ्नो छोराछोरीको पढाई बारे थाहा पाउन विद्यालय जाने र शिक्षकसँग भेट्ने गर्नुभएको छ कि ?

..........................................................................................................

४. तपाईले आफ्नो छोराछोरीलाई शिक्षा दिने क्रममा कुनै समस्या भोग्नु भएको छ कि ?

..........................................................................................................

५. विद्यालयका शिक्षकले तपाईको छोराछोरीसँग कस्तो व्यवहार गर्छन् जस्तो लाग्छ ?

..........................................................................................................

६. जनजाति भएको कारणले तपाईको छोराछोरीले विद्यालयमा कुनै कठिनाई भोग्नु परेको छ कि ?

..........................................................................................................

७. राई बालबालिकाहरूको शैक्षिक अवस्था न्यन हुनुको कारण तपाईको विचारमा के हो जस्तो लाग्छ ?

..........................................................................................................

८. राई बालबालिकाहरूलाई शिक्षामा बढी भन्दा बढी शैक्षिक उपलब्धि बृद्धि गराउनका लागि कस्ता उपायहरू अपनाउनु पर्ने देख्नुहुन्छ ?

..........................................................................................................

९. राई जातिको शैक्षिक अवस्था सुधार्न सरकारले के गरिदिए हुन्थ्यो भन्ने लाग्छ ?

..........................................................................................................

## अनुसूची छ :
## विद्यालय व्यवस्थापन समितिका अध्यक्षका लागि प्रश्नावली

उत्तरदाताको नाम : ................................ लिङ्ग : ........
पद : अध्यक्ष उमेर : ...........
विद्यालय : ........................................ गा.वि.स. : कुलुङ वार्ड न.:

१. तपाई वि.व्य.स.को अध्यक्ष पदमा कहिले छानिनु भयो ?

..........................................................................................................

२. तपाईको विद्यालयको भौतिक अवस्था कस्तो छ ?

..........................................................................................................

३. तपाई विद्यालयमा बेला बेलामा जाने गर्नुहुन्छ ?

..........................................................................................................

४. तपाईको विद्यालयमा अध्यापनरत शिक्षकहरूमध्ये राई शिक्षकहरू पनि छन् ?

.............................................................................................................

५. राईहरूको शैक्षिक अवस्था कस्तो छ ?

.............................................................................................................

६. राईहरूलाई शैक्षिक उपलब्धि बृद्धि गराउनका लागि विद्यालयले केही कार्यक्रमहरू ल्याएको छ कि ?

.............................................................................................................

७. राईहरूको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वहरू के-के हुन् ?

.............................................................................................................

८. शिक्षक सम्बन्धी राई अभिभावकका धारणा के कस्तो पाउनु भएको छ ?

.............................................................................................................

९. राईहरूको शैक्षिक अवस्था बृद्धि गर्न सरकारबाट कस्तो कार्यक्रमको अपेक्षा गर्नुभएको छ?

.............................................................................................................

## अनुसूची सात :
## श्रोतव्यक्तिका लागि प्रश्नावली

उत्तरदाताको नाम : एकराज गिरी लिङ्ग : पुरुष
पद : श्रोत व्यक्ति उमेर : ५९ वर्ष स्रोत केन्द्र : चौकीडाँडा, भोजपुर

१. तपाई कहिले देखि श्रोत व्यक्तिमा छानिनु भयो ?

.............................................................................................................

२. श्रोत केन्द्र अन्तर्गत कति विद्यालयहरू छन् ?

.............................................................................................................

३. कुलुङका विद्यालयहरूको निरिक्षण भ्रमण गर्नुभएको छ ?

.............................................................................................................

४. त्यहाँको राई समुदायका र गैर राई समुदायका विद्यार्थीहरूको शैक्षिक सहभागिता के कस्तो पाउनुभएको छ ?

.............................................................................................................

५. शैक्षिक उपलब्धि बृद्धि गर्ने केही उपाय देख्नुभएको छ कि ?

.............................................................................................................

६. राईहरूको शैक्षिक उपलब्धि बृद्धि गराउन जि.शि.का.को कुनै कार्यक्रम छ कि ?

.............................................................................................................

७. राई अभिभावकलाई यहाँको केही सुझाव र सल्लाह छ कि ?

.............................................................................................................

८. राई अभिभावकको चेतना अभिवृद्धि गर्ने केही कार्यक्रमहरू संचालन गर्नुभएको छ कि ?

.............................................................................................................

९. राईहरूको शैक्षिक उपलब्धि कमी हुनुको मूल कारण के हो जस्तो लाग्छ ?

.............................................................................................................

१०. अन्य केही सुझाव छ कि ?

...........................................................................................

# अनुसूची आठ
## विद्यार्थीहरूको औषत उपस्थिति फारम

जिल्ला : भोजपुर　　　　गा.वि.स. कुलुङ　　　　साल : २०६८
विद्यालयको नाम :　　　　　　　　　　　　　　वार्ड नं.

| महिना | सञ्चालन भएको दिन | कक्षा | | १ | २ | ३ | ४ | ५ |
|---|---|---|---|---|---|---|---|---|
| बैशाख | | राई | छात्र | | | | | |
| | | | छात्रा | | | | | |
| | | गैर राई | छात्र | | | | | |
| | | | छात्रा | | | | | |
| जेष्ठ | | राई | छात्र | | | | | |
| | | | छात्रा | | | | | |
| | | गैर राई | छात्र | | | | | |
| | | | छात्रा | | | | | |
| आषाढ | | राई | छात्र | | | | | |
| | | | छात्रा | | | | | |
| | | गैर राई | छात्र | | | | | |
| | | | छात्रा | | | | | |
| श्रावण | | राई | छात्र | | | | | |
| | | | छात्रा | | | | | |
| | | गैर राई | छात्र | | | | | |
| | | | छात्रा | | | | | |
| भाद्र | | राई | छात्र | | | | | |
| | | | छात्रा | | | | | |
| | | गैर राई | छात्र | | | | | |
| | | | छात्रा | | | | | |
| आश्विन | | राई | छात्र | | | | | |
| | | | छात्रा | | | | | |
| | | गैर राई | छात्र | | | | | |
| | | | छात्रा | | | | | |
| कार्तिक | | राई | छात्र | | | | | |
| | | | छात्रा | | | | | |
| | | गैर राई | छात्र | | | | | |
| | | | छात्रा | | | | | |
| मंसिर | | राई | छात्र | | | | | |
| | | | छात्रा | | | | | |
| | | गैर राई | छात्र | | | | | |
| | | | छात्रा | | | | | |
| पौष | | राई | छात्र | | | | | |
| | | | छात्रा | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | गैर राई | छात्र | | | | | |
| | | | छात्रा | | | | | |
| माघ | | राई | छात्र | | | | | |
| | | | छात्रा | | | | | |
| | | गैर राई | छात्र | | | | | |
| | | | छात्रा | | | | | |
| फाल्गुण | | राई | छात्र | | | | | |
| | | | छात्रा | | | | | |
| | | गैर राई | छात्र | | | | | |
| | | | छात्रा | | | | | |
| चैत्र | | राई | छात्र | | | | | |
| | | | छात्रा | | | | | |
| | | गैर राई | छात्र | | | | | |
| | | | छात्रा | | | | | |